मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष २ · अंक ११० · २०८० साल फागुन २४ गते बिहिबार · Thursday 07, March 2024 · सूर्योदयः बिहान ६:२४ बजे · सूर्यास्तः साँझ ६:०९ बजे · पृष्ठ ८ · मूल्य रु. ५/-

## नवनियुक्त उपप्रधानमन्त्रीसहित मन्त्रीहरुको शपथ



**रासस**
**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले तीन उपप्रधानमन्त्रीसहित १६ नवनियुक्त मन्त्रीलाई पद तथा गोपनीयताको शपथ गराएका छन् । राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ८० अनुसार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को सिफारिसमा उपप्रधानमन्त्रीसहित नवनियुक्त मन्त्रीलाई राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित समारोहमा पद तथा गोपनीयताको शपथ गराएका हुन् ।

**नवनियुक्त उपप्रधानमन्त्री र मन्त्रीहरुः**

**नेकपा माओवादी केन्द्र**
१. पुष्पकमल दाहाल 'प्रचण्ड': प्रधानमन्त्री
२. नारायणकाजी श्रेष्ठः उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री
३. वर्षमान पुनः अर्थमन्त्री
४. शक्तिबहादुर बस्नेतः ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री
५. रेखा शर्माः सञ्चार तथा सूचना प्रविधिमन्त्री
६. हितबहादुर तामाङः संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री

**नेपाल कम्युनिष्ट पार्टी एमाले**
१. रघुवीर महासेठः उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधारमन्त्री
२. हरिप्रसाद उप्रेतीः रक्षामन्त्री
३. राजेन्द्र राईः खानेपानीमन्त्री
४. दामोदर भण्डारीः उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री
५. भगवती चौधरीः महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री
६. ज्वालाकुमारी साहः कृषि तथा पशुपन्छीमन्त्री
७. बलराम अधिकारीः भूमि व्यवस्था तथा सहकारीमन्त्री
८. पदम गिरीः कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री

**३. राष्ट्रिय स्वतन्त्र पार्टी**
१. रवि लामिछानेः उपप्रधानमन्त्री तथा गृहमन्त्री
२. डोलप्रसाद अर्यालः श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री,
३. सुमना श्रेष्ठः शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री
४. विराजभक्त श्रेष्ठः युवा तथा खेलकुदमन्त्री

**४. नेकपा एकीकृत समाजवादी**
१. भानुभक्त जोशीः सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री
२. धनबहादुर बुढाः सहरी विकासमन्त्री

मधेशदृष्टि फलोअप

## सिटी स्क्यान प्रकरण छानबिन गर्न समिति गठन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
स्वास्थ्य मन्त्री वीरेन्द्र सिंहको सेटिङमा मधेश प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रले सर्लाही र सिरहाका लागि खरिद गर्न लागेको सिटी स्क्यान खरिद प्रकरणमा बदमासी भएको समाचार आएपछि मधेश प्रदेश सकारकाले तीन सदस्यीय छानबिन समिति गठन गरेको छ ।समितिमा नवौँ तहका अधिकृत डा. ईन्द्रजीत रजक, बायोमेड इञ्जिनियर शैलेन्द्र यादव र शाखा अधिकृत रवीन्द्र यादव छन् । उनीहरुलाई प्रदेश सरकारको मन्त्रिपरिषद्बाट छानबिनका लागि बनेको समितिको पत्र पुगेको छ ।स्वास्थ्य आपूर्ति केन्द्रले खरिद गर्न लागेको २० करोड रुपैयाँको दुई वटा सिटी स्क्यान मेसिन खरिदका लागि मेडिकल व्यवसायी विशाल पण्डितको हस्पिटेक कम्पनीले मात्र खरिद गर्न पाउने गरी २०१२ को १२ वर्ष पुरानो फिलिप्सको मेसिन किन्ने प्रयोजनसहित टेन्डर स्पेसलक गरेको थियो । यसका

बाँकी पृष्ठ २ मा

## मधानी महोत्सव सुरु






**मधेशदृष्टि**
**रौतहट ।**
मौलापुर नगरपालिकास्थित पतौरा पुरातात्विक महादेव मन्दिरमा बुधबारदेखि पाँचदिने मधानी महोत्सव सुरु भएको छ ।
बुधबार शिवको बारात निकालिएको थियो । बारातमा हजारौँ भक्तजनको सहभागिता थियो । मौलापुरका विभिन्न वडामा भगवान शिवसँगै नन्दी, बैताल भूत र प्रेतको झाँकी निकालिएको थियो । बाजागाजासहित निस्केको शिवयात्रामा भक्तजनले ओम नमः शिवाय, बोलबम्को नारा लगाएका थिए । कांवरिया भक्तजनको पनि सहभागिता थियो भने शिव बारातमा मौलापुरकी मेयर रिना कुमारी साहलगायतका व्यक्तित्वको सहभागिता थियो ।

# जसपालाई मधेश सरकार र स्वास्थ्य तथा वन मन्त्रालय




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संघीय सरकारमा नयाँ गठबन्धनमा जोडिएको जनता समाजवादी पार्टी (जसपा) नेपालले मधेश प्रदेश सरकारमा मुख्यमन्त्री र केन्द्र सरकारमा दुई मन्त्रालय पाउने मोटामोटी सहमति बनेको छ । केन्द्र सरकारमा जसपाले स्वास्थ्य मन्त्रालय र वन मन्त्रालय लिने सहमति बनेको हो । यसका लागि जसपाले मन्त्रीहरुको टुंगो लगाउने तयारी गरेको छ ।
यस्तै, मधेश प्रदेश सरकारमा पनि जसपाकै मुख्यमन्त्रीमा निरन्तरता दिन गठबन्धन तयार भएपछि उपेन्द्र यादव नेतृत्वको जसपा र माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी पनि सरकारमा सहभागी हुने भएका छन् ।
बुधबार बसेको समाजवादीको सचिवालयको बैठकले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सहरी विकास मन्त्रालयमा मन्त्री पठाउने निर्णय गरेको छ । समाजवादीले स्थायी कमिटी सदस्य भानुभक्त जोशी र युवा नेता धनबहादुर बुढालाई मन्त्रीमा सिफारिस गरेपछि नेकपा एमाले–नेकपा माओवादी गठबन्धन पनि तत्कालका लागि बहुमतसिद्ध सावित गर्न सफल भएको छ ।
यता, जनता समाजवादी पार्टी (जसपा) को बुधबारको कार्यकारिणी समिति बैठक भने सरकारमा पठाउने मन्त्रीका विषयमा कुनै निर्णय नगरी सकिएको छ । सोमबारदेखि लगातार बसिरहेको कार्यकारिणीको तेस्रो बैठक मन्त्री छनोट नगरी सकिएको हो । बैठकमा सहभागी नेताका अनुसार गठबन्धनमा सहभागी हुने निर्णय गर्दा भागबण्डाको विषय पनि टुंगयाउन सुझाव दिइएको, तर अध्यक्ष उपेन्द्र यादवले सहभागी हुने मात्रै निर्णय गरेको भनेर बैठकमा नेताहरूले असन्तुष्टि जनाएपछि अध्यक्ष यादवले सबैलाई जवाफ दिएका थिए । मंगलबार बसेको बैठकमा पनि अहिलेकै अवस्थामा सरकारमा जान हतार हुने र मधेश प्रदेश सरकार आफ्नो हातबाट गुम्ने भन्दै नेताहरूले गठबन्धनको सुनिश्चितता हुन दिनुपर्ने राय अध्यक्ष यादवलाई दिएपछि सरकारमा जाने मन्त्रीका विषयमा निर्णयमा पुग्न समय लागेको हो ।
बुधबार बसेको बैठकमा भने मन्त्रिपरिषद्मा पठाउने नेताको नाम चयन गर्नुभन्दा पहिले मधेश प्रदेशको सरकार र संघीय सरकारमा पार्टीले पाउने मन्त्रालयको टुंगो लागेपछि मात्रै सरकारमा सहभागी हुने बारेमा अन्तिम निर्णय गर्नुपर्ने सुझाव नेताहरुले दिएपछि जसपाले मधेश प्रदेश सरकारको बटमलाइन राखेको थियो । गठबन्धनले बुधबार नै मन्त्रीहरुको शपथको तयारी गरिरहँदा थप छलफलका लागि समय नभएपछि मन्त्रीबारे कुनै निर्णय नगरी अध्यक्ष उपेन्द्र यादव, नेताहरु राजेन्द्र श्रेष्ठ, मनिष सुमन र रकम चेम्जोङ छलफलका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको सरकारी निवास बालुवाटार पुगेका थिए ।
बैठकमा सहभागी एक नेताका अनुसार अधिकांश सांसद र कार्यकारिणी सदस्यले अहिलेकै परिस्थितिमा सरकारमा सहभागी हुन नहुने धारणा राखेपछि जसपाले सरकारमा सहभागी हुने निर्णयसँगै मधेश प्रदेशमा मुख्यमन्त्रीमा निरन्तरता र मन्त्रालयका विषयमा पहिला प्रधानमन्त्रीसँग

बाँकी पृष्ठ २ मा

### पन्ध्रपटक मन्त्रिमण्डल विस्तार

प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकार एक वर्ष १२ दिनमा पन्ध्रौंपटक विस्तार भएको छ ।
पहिलोः २०७९–०९–११
दोस्रोः २०७९–१०–३,
तेस्रोः २०७९–१०–१४,
चौथोः २०७९–१०–२३
पाँचौँः २०७९–११–१४
छैठौँः २०७९–११–१६
सातौँः २०७९–१२–१७
आठौँः २०८०–०१–०३
नवौँः २०८०–१–५
दशौँः २०८०–१–२०
एघारौँः २०८०–१–२४,
बाह्रौँः २०८०–२–९
तेह्रौँः २०८०–४–२९
चौधौँः २०८०–११–२१
पन्ध्रौँः २०८०–११–२३

## एसको इन्ट्रिले जसपाको सरकार सुरक्षित




मधेश प्रदेश सरकारमा दाबी गरिरहेको जनता समाजवादी पार्टी (जसपा) नेपाल नेतृत्वको मधेश प्रदेश सरकार संघ सरकारमा माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी प्रवेश गरेसँगै सुरक्षित भएको छ । अब मधेश प्रदेश सरकारलाई सुविधाजनक बहुमत पुग्ने भएको छ ।
नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी र जनता समाजवादी पार्टी (जसपा) सम्मिलित नयाँ गठबन्धनमा नेकपा एकीकृत समाजवादी पार्टी पनि सम्मिलित भएपछि मधेश प्रदेश सरकारमा गठबन्धनलाई बहुमत पुगेको हो । मधेश प्रदेशको १ सय ७ सदस्यीय प्रदेश सभामा वर्तमान गठबन्धनमा नेकपा एमालेको २४, नेकपा माओवादी केन्द्रको ९, जसपाको १९ प्रदेश सभा सदस्य छन् । यस्तै, नेकपा एकीकृत समाजवादीको ६ सदस्य छ । सरकारका लागि ५४ सदस्य आवश्यक पर्नेमा गठबन्धनसँग ५८ मत पुगेको छ । यसमा सभामुख नेकपा एमालेको एक घट्दा पनि ५७ हुन्छ भने एकजना स्वतन्त्र सांसद पनि जसपा निकट भएकाले सरकार सुविधाजनक बहुमतमा रहनेछ । जनमत सरकारबाट बाहिरिएपछि केहीदिन अघि मात्रै तेस्रोपटक विश्वासको मत लिएका जसपा संसदीय दलका नेता तथा मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको सरकारलाई यसपटक लोसपा नहुँदा पनि बहुमत पुगेको छ । यद्यपि अहिलेको मधेश सरकार गठबन्धनमा लोसपा पनि सामेल छ, उसले सरकारलाई समर्थन दिने या नदिनेबारे केही बताएको छैन । नेकपा एकीकृत समाजवादी गठबन्धनमा नआउँदासम्म संकटमा परेको जसपा नेतृत्वको प्रदेश सरकार सुरक्षित भएपछि जसपा केन्द्र सरकारमा पनि जाने भएको छ र मन्त्री टुंगो लगाउने गृहकार्यमा जुटेको छ ।



# उद्योग सञ्चालनको व्यस्त याममै उखु अभाव



रासस
महोत्तरी ।
फागुन चिनी उत्पादनको अति व्यस्त याममा महिना पर्छ तर यसैबेला महोत्तरीको गौशाला–१ रामनगरस्थित एभरेष्ट सुगर एन्ड केमिकल इन्डष्ट्रिज (बोलचालीमा एभरेष्ट चिनी उद्योग, चिनी मिल) मा उखुको अभाव भएको छ । उद्योगको उखु पेल्ने र चिनी उत्पादन गर्ने क्षमताअनुसार दैनिक उखु आपूर्ति हुन नसक्दा दिन बिराएर सञ्चालन गर्नु परेको छ ।
‘हाम्रो उद्योगले दैनिक ४० हजार क्विन्टल उखु पेल्छ तर केही दिनयता २५ हजार क्विन्टल उखु आइपुग्न पनि हम्मेहम्मे छ’, उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्ला भन्छन्, ‘दैनिक पेलान क्षमताअनुसार उखु नभएपछि दिन बिराएर उद्योग चलाउनु परेको छ ।’ गत साताको अन्त्यसँगै उखु आउने क्रम स्वात्तै घटेर दैनिक २०÷२५ हजार क्विन्टलमा झरेको शुक्लाको भनाइ छ ।
‘हामीले गत शुक्रबारदेखि नै दुई दिन बिराएर उखु पेलेर चिनी उत्पादन गर्दैछौँ’ शुक्ला भन्छन्, ‘यसले चिनी उत्पादनको परिमाण घटेसँगै उद्योगले दैनिक लाखौँ घाटा व्यहोर्नु परेको छ ।’
उद्योग सञ्चालन नियमित गर्न दैनिक ४० हजार क्विन्टलसँगै थप जगेडामा १० हजार क्विन्टल उखु राखिनुपर्ने उनको भनाइ छ ।
यसपालिको याममा गत पुस ४ गते उखु क्रसिङ (पेल्न) थालेको उद्योगले फागुन तेस्रो सातामै ‘नो क्यान’ (उखु अभाव) को अवस्था झेल्नु परेको छ । ‘एकताका मङ्सिरदेखि नै सुरु गरेर झन्डै वैशाखसम्म उद्योग सञ्चालनमा रहन्थ्यो’ एक दशकअघिको विगत सम्झँदै शुक्ला भन्छन्, ‘अहिले दशतिर मरिहत्ते गरेर लागिपर्दा पनि उद्योगलाई चाहिने उखु पु¥याउन सकिएको छैन ।’ उखुको अभावले दुई दिन बिराएर सञ्चालनमा रहेको उद्योगले सरदर १० लाख दैनिक घाटा व्यहोर्नु परेको उद्योग प्रशासनले जनाएको छ । सञ्चालनमा रहेको उद्योगमा एक दिन क्रसिङ रोकिँदा चिनी बन्ने क्रममा रहेको ३० हजार लिटर उखुको रस खेर जाने र स्टिम बनाउने इन्धनमा हानि हुने गरेको शुक्ला बताउँछन् ।
‘स्थायी र ज्यालादारीका श्रमिक कामबिना रहँदा लागत ह्वात्तै बढ्छ, यो अवस्था झेल्न उद्योगलाई निकै सकस छ’ शुक्ला भन्छन् । पछिल्ला केही वर्षयता उखु खेती घट्दै गएर याममा अभाव बढेको उखु उत्पादक किसानसम्बद्ध संस्थाको भनाइ छ ।
पछिल्ला चार वर्षयता घट्दै गएको खेती यसपालि थोरै बढे पनि यामभरको आवश्यकता भने अझै अपुग रहेको उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहा बताउँछन् ।
‘किसानको खेतमै उखु सकिँदैछ, अनि उद्योगमा कसरी पर्याप्त उखु आउँछ’ कुशवाहा भन्छन्, ‘आउने वर्षको योजना अहिले नै बनाएर उखु खेती बढाउन पहलकदमी नलिए अब बर्सेनि यो अभाव खेप्नुपर्ने दिन आउनेछन् ।’ यसका लागि उद्योग र सरकारले किसानलाई विभिन्न अवसरको आकर्षण दिन सक्नुपर्ने कुशवाहाको भनाइ छ ।
‘उखु अभाव हुन नदिन त एउटै विकल्प यसको उत्पादन बढाउनु हो’ कुशवाहा भन्छन्, ‘बर्सेनि उखु क्रसिङ्गो बेला भएपछि मूल्यको झमेला, उखुको मूल्य समयमा पाउने÷नपाउने चिन्ता र खेतीमा भरथेग नभएपछि किसान निराश छन्, अब सरकार र उद्योगले भरोसा जगाउनुपर्छ ।’ पछिल्ला पाँच वर्षयता घट्दै गएको उखु खेती गत वर्ष यता भुक्तानी अलि सहज बन्दा यसपालि बढेको कुशवाहाको भनाइ छ । गत वर्ष पाँच हजार बिघामा झरेको खेती यसपालि सात हजार बिघा पुगेको उनको भनाइ छ । ‘महोत्तरीमा १८ हजार बिघासम्म उखु खेती पुगेको थियो’ एक दशकअघिको अवस्था सम्झँदै कुशवाहा भन्छन्, ‘किसान वाक्क भएरै खेती छोड्दै गएका हुन्, अब उद्योग र सरकारले नयाँ विश्वास जगाउने काम गरे उखु फेरि बढ्छ ।’
एभरेष्ट चिनी उद्योगले यसपालि (जारी वर्ष २०८०÷८१) मा कमसेकम ३० लाख क्विन्टल उखु क्रसिङ गरेर दुई लाख ७० हजार क्विन्टल चिनी उत्पादनको लक्ष्य लिएको छ । यसअनुसार दैनिक ४० हजार क्विन्टल उखु पेल्दै तीन हजार क्विन्टल चिनी उत्पादन गर्दै आएको उद्योगको तालिका उखु अभावसँगै प्रभावित बनेको छ । फागुनमै उखु अभाव हुन थालेपछि उद्योग गेटको उखु यार्ड (तौलाएको उखु खन्याएर राखिएको ठाउँ) खाली देखिँदैछ । यसैगरी, उद्योगले ठाउँठाउँमा सञ्चालन गरेका ३३ वटा खरिदकेन्द्रमध्ये धेरैजसो फागुन तेस्रो सातामै बन्द भएका छन् । यो अवस्थाले यसपालिको याममा क्रसिङ अब धेरै दिन नलम्बिने छाँट छ ।

# धादिङ बस दुर्घटनाका मृतक सातै जनाको सनाखत



रासस
मलेखु ।
पृथ्वी राजमार्गअन्तर्गत धादिङको गजुरी गाउँपालिका–५ घाटबेँसीमा भएको बस दुर्घटनाका मृतक सबैको सनाखत भएको छ । कपिलवस्तुको भैरहवाबाट काठमाडौँ आउँदै गरेको लु २ ख २१२१ नम्बरको बस बुधबार एकाबिहानै दुर्घटनामा परेको थियो ।
जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारका अनुसार मृत्यु हुनेमा रुपन्देहीको बुटवल उपमहानगरपालिका–२ का रुवी श्रेष्ठ, काठमाडौँको चन्द्रागिरि नगरपालिका–१० का ५५ वर्षीय बेखा पुटुवार, कपिलवस्तुका महेन्द्र चौधरी, रुपन्देहीका जोगिन्दर यादव, रामकिशोर जैसवाल, नासिर अलि र सराजुद्दीन मुसलमान रहेका छन् । आफन्त र परिवारसँग सम्पर्क गरी मृतकको यकिन गरिएको प्रहरी नायब उपरीक्षक जैसवारले बताए । प्रहरीका अनुसार बसमा रहेका नर्मदा सुवेदी, विराज गैरे र प्रकाश पाठक हराइरहेका छन् । उनीहरुको खोजी जारी रहेको प्रहरीले जनाएको छ । दुर्घटनामा परी ३९ जना घाइते छन् ।

# महाशिवरात्रि पर्व व्यवस्थित रुपमा मनाउन सात उपसमिति गठन



रासस
काठमाडौँ ।
यही फागुन २५ गते शुक्रबार परेको महाशिवरात्रि पर्वलाई व्यवस्थित रुपमा सम्पन्न गर्न पशुपति क्षेत्र विकास कोषले सात वटा उपसमिति गठन गरी कार्य विभाजनसमेत गरेको छ । कोषले बुधबार पत्रकार सम्मेलन गरेर महाशिवरात्रिका लागि गठित उपसमितिले सुरक्षा व्यवस्था, स्वयंसेवक परिचालन, स्वास्थ्य शिविर, वातावरण तथा सरसफाइ, जुत्ताचप्पल व्यवस्थापन, चन्दन वितरण, मन्दिर प्राङ्गण तथा पूजा, आवास, भोजन तथा भौतिक पूर्वाधार, दर्शन मार्ग, पार्किङ तथा ट्राफिक व्यवस्थापन, साधुसन्तको सेवा एवम् धार्मिक कार्यक्रम, सजावट तथा मेला बजारलाई निर्वाध सञ्चालन गर्ने जनाएको छ ।
यसैगरी महाशिवरात्रिका दिन राति २ बजेदेखि पशुपतिनाथ मन्दिरका चारैवटै ढोका खोली भक्तजनलाई सहज दर्शनका गराइने कोषका सदस्य सचिव राजुकुमार खत्रीले बताए । यस वर्षको महाशिवरात्रिमा कम्तीमा २० लाख भक्तजनले पशुपतिको दर्शन गर्ने अनुमान गरिएको जानकारी दिए । पशुपति क्षेत्रमा गाजा, भाङ, मदिरा तथा मासु पूर्णरुपमा निषेध गरिएको छ । पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार महाशिवरात्रिका दिन पशुपति आउने भक्तजनका लागि एम्बुलेन्स सेवा, करिब छ सय सवयंसेवक, ७० वटा स्वास्थ्य शिविर, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका सुरक्षा अधिकारी परिचालन गरिनेछ ।

# ‘हाइटेक’ नर्सरी स्थापनाका नाममा भ्रष्टाचार, अख्तियारद्वारा मुद्दा दायर

रासस
काठमाडौँ ।
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सुर्खेत जिल्लाको सिम्ता गाउँपालिका–५ आलीमा स्थापना गरेको भनिएको ‘हाइटेक’ नर्सरी निर्माणमा अनियमितता भएको भन्दै वन अधिकृतसमेत उक्त कार्यमा संलग्नविरुद्ध विशेष अदालतमा बुधबार मुद्दा दायर गरेको छ । अख्तियारले दायर गरेको मुद्दामा उच्च प्रविधिको नर्सरी स्थापना गरी बाँझो तथा खाली जमिनमा वृक्षरोपण तथा जडीबुटी खेती विस्तार कार्यक्रममा रकम भुक्तानी भई निर्माण भएको उच्च प्रविधिको नर्सरी प्रयोगमा नै नआई ८४ लाख ८६ हजार रुपैयाँ बराबरको रकम हानिनोक्सानी गरेको दाबी गरिएको छ ।
डिभिजन वन कार्यालय, सुर्खेतका तत्कालीन डिभिजनल वन अधिकृत गोविन्दप्रसाद दाहाल, तत्कालीन सहायक वन अधिकृत टेकबहादुर रावल र तत्कालीन लेखापाल लक्ष्मीकुमारी थापा क्षेत्रीले सिम्ता उपभोक्ता समितिलाई भुक्तान गरेको ८४ लाख ८६ हजार रुपैयाँ असुलउपर गर्न र निजहरुमाथि भ्रष्टाचार निवारण ऐनबमोजिम कैद सजाय र बिगोबमोजिमको जरिवाना गर्न माग गरिएको अख्तियारले जनाएको छ । साथै, सिम्ता सब–डिभिजन वन कार्यालयका तत्कालीन रेञ्जर कमल चिलकार र भोजप्रसाद उपाध्यायले सिम्ता उपभोक्ता समितिलाई द्धवानीबापतको रकम उपलब्ध गराउन सिफारिस गरेको भन्दै दुवैमाथि क्रमशः ७१ लाख ७७ हजार र आठ लाख ७१ हजार रुपैयाँ बिगो कायम गर्न मागदाबी गरिएको छ ।
सिम्ता ‘हाइटेक’ नर्सरी उपभोक्ता समितिका अध्यक्ष जगत महतरा, सचिव चन्द्रप्रकाश थापा र कोषाध्यक्ष मीना पोखरेल हमालले झुठा बिलहरु पेस गरी डिभिजन वन कार्यालय सुर्खेतबाट भुक्तानी लिएको भन्दै निजहरुबाट पनि ८४ लाख ८६ हजार रुपैयाँ असुल गरी कैद र जरिवाना गर्न आयोगले माग गरेको छ । साथै, सिम्ता नर्सरीका लागि फर्जी कागजात बनाई उपभोक्ता समितिबाट भुक्तानी लिएको भन्दै नाफ सिङ्स प्रालिका सञ्चालक गौतम महर्जनविरुद्ध ७१ लाख ७७ हजार रुपैयाँ बिगो कायम गरी कैद र जरिवाना गर्न आयोगले मागदाबी गरेको छ । नर्सरी निर्माणको कार्य नभए पनि सिफारिस गर्ने सिम्ता गाउँपालिकाका तत्कालीन अध्यक्ष कविन्द्रकुमार केसी र वडा नं ५ का वडाध्यक्ष मोहनकुमार बिसीविरुद्ध पनि नर्सरी निर्माणमा मतियार बनेको भन्दै निजहरुविरुद्ध ८४ लाख ८६ हजार रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐनबमोजिम सजाय हुनुपर्ने मागदाबी गरिएको छ ।

# नेपाल चिकित्सक संघको मधेश प्रदेश कमिटी पुर्नगठन



KTM CDO Regd. No. 07/043/044
नेपाल चिकित्सक संघ
NEPAL MEDICAL ASSOCIATION
Madhesh Pradesh Committee
(Mutually affiliated with Indian Medical Association)
Founded: 20 Falgun 2007 (4th March 1951)
Members: World Medical Association (WMA), South Asia Medical Association (SAMA), Confederation of Medical Association in Asia and Oceania (CMAAO)
Ref.No. 01/080/081
Date: 23/11/2080

Central Vice President and Madhesh Pradesh Co-ordinator: Dr. Niraj Kumar Singh
Vice-President: Dr. Subhash Chaudhary
Secretary: Dr. Ramji Yadav
Joint Secretary: Dr. Kali Prasad Yadav
Treasurer: Dr. Naushad Haque
Executive Members: Dr. Manoj Kumar Gupta (Parsa), Dr. Guneshwor Jha (Sarlahi), Dr. Ram Gyan Yadav (Dhanusha), Dr. Kausar Alam (Rautahat), Dr. Santosh Yadav (Saptari), Dr. Manoj Yadav (Bara), Dr. Aarti Sah (Mahottari), Dr. Om Prakash Chaudhary (Siraha)

श्रीमान् अध्यक्ष ज्यू
नेपाल चिकित्सक संघ
केन्द्रिय कार्यालय, काठमाण्डौं ।

विषय : मधेश प्रदेश कमिटि गठन बारे ।

उपरोक्त सम्बन्धमा यहि मिति २०८०/११/२१ गते मधेश प्रदेशको राजधानी जनकपुरमा नेपाल चिकित्सक संघ जनकपुर शाखाले आयोजना गरिएको मधेश समिटमा नेपाल चिकित्सक संघ मधेश प्रदेश कमिटि गठन गरिएको र सो को विवरण निम्न प्रकार रहेको जानकारी गराउद छु ।

केन्द्रिय उपाध्यक्ष तथा मधेश प्रदेश संयोजक : डा. निरज कुमार सिंह
उपाध्यक्ष : डा. सुभाष चौधरी (अध्यक्ष नेपाल चिकित्सक संघ, लहान, शाखा)
सचिव : डा. रामजी यादव (अध्यक्ष नेपाल चिकित्सक संघ, जनकपुर शाखा)
सहसचिव : डा. काली प्र.यादव (अध्यक्ष नेपाल चिकित्सक संघ, सगरमाथा)
कोषाध्यक्ष : डा. नौसाद हक (सचिव नेपाल चिकित्सक संघ, नारायणी शाखा)
सदस्यहरु
१. डा. मनोज कुमार गुप्ता (अध्यक्ष नेपाल चिकित्सक संघ, नारायणी शाखा)
२. डा. गुनेश्वर झा (सर्लाही जिल्ला प्रतिनिधि)
३. डा. रामज्ञान यादव (सचिव नेपाल चिकित्सक संघ, जनकपुर शाखा)
४. डा. कौशर आलम (रौतहट जिल्ला प्रतिनिधि)
५. डा. संतोष यादव (सचिव नेपाल चिकित्सक संघ सगरमाथा शाखा)
६. डा. मनोज यादव (बारा जिल्ला प्रतिनिधि)
७. डा. आरती साह (महोत्तरी जिल्ला प्रतिनिधि)
८. डा. ओमप्रकाश चौधरी (सचिव नेपाल चिकित्सक संघ, लहान शाखा)

बोधार्थ:
१. नेपाल चिकित्सक संघ, नारायणी शाखा ।
२. नेपाल चिकित्सक संघ, जनकपुर शाखा ।
३. नेपाल चिकित्सक संघ, सगरमाथा शाखा ।
४. नेपाल चिकित्सक संघ, लहान शाखा ।

डा. निरज कुमार सिंह
केन्द्रिय उपाध्यक्ष
तथा मधेश प्रदेश संयोजक

मधेशदृष्टि
जनकपुरधाम
नेपाल चिकित्सक संघको मधेश प्रदेश कमिटि पुर्नगठन गरिएको छ ।
फागुन २१ गते जनकपुरधाममा संघको जनकपुर शाखाले आयोजना गरेको मधेश समिटबाट १३ सदस्यीय मधेश प्रदेश कमिटि पुनर्गठन गरेको छ । नयाँ गठित कमिटीको संयोजकमा केन्द्रीय उपाध्यक्ष डा.निरज कुमार सिंह चयन भएका छन् । त्यसैगरी उपाध्यक्षमा डा सुभाष चौधरी, सचिवमा डा रामजी यादव, सहसचिवमा डा काली प्रसाद यादव, कोषाध्यक्षमा डा नौसाद हक रहेका छन् । त्यसैगरी सदस्यहरुमा डा मनोज कुमार गुप्ता, डा गुनेश्वर झा, डा रामज्ञान यादव, डा कौसर आलम, डा संतोष यादव, डा मनोज यादव, डा आरती साह, डा ओमप्रकाश चौधरी रहेका छन् ।

# भारतसँगको सिमानामा सशस्त्रको बिओपी स्थापना

रासस
इनरुवा ।
सुनसरीको दक्षिणी सीमावर्ती पालिका बर्जु गाउँपालिका–४ मा स्थापना भएको सशस्त्र प्रहरी बल नेपालको बोर्डर आउटपोष्ट (बिओपी) बुधबारदेखि सञ्चालन भएको छ । कोरोना महामारीका बेला हर्बोनीमा स्थापना भएको फरवार्ड बेसलाई सशस्त्र प्रहरी बलले बिओपीका रुपमा सञ्चालनमा ल्याएको हो । बर्जु गाउँपालिका–४ मा स्थापना भएको बिओपीको सशस्त्र प्रहरी बल नेपाल न १ बराह बाहिनी मुख्यालयका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक अञ्जनीकुमार पोखरेलले उद्घाटन गरे ।
सुनसरीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्य, कोसी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक चन्द्रकुबेर खापुङ र बर्जु गाउँपालिकाका अध्यक्ष जीवछकुमार रायलगायतको उपस्थितिमा बिओपीको उद्घाटन गरिएको हो । सशस्त्र प्रहरी बलले विराटनगरका रोमी जैनले उपलब्ध गराएको चार कट्ठा र बर्जु गाउँपालिकाले उपलब्ध गराएको दुई कट्ठा गरी छ कट्ठा क्षेत्रफलमा बिओपी निर्माण गरेको छ ।
सीमासुरक्षा र चोरीतस्करी नियन्त्रणसँगै सीमा अपराध रोक्न बिओपीबाट मद्दत मिल्ने बराह बाहिनीका बाहिनीपति पोखरेलले बताए । बिओपीबाट ३ दशमलव ९ किलोमिटर क्षेतभित्रका ५१ वटा सीमास्तम्भको रेखदेख हुनेछ । हर्बोनीमा बिओपी उद्घाटन भएसँगै सुनसरीमा सशस्त्र प्रहरीको बिओपी सङ्ख्या नौ पुगेको छ ।

# टिपरको ठक्करबाट व्यापारीको मृत्यु

मधेशदृष्टि
सप्तरी ।
कञ्चनरुपमा टिपरको ठक्करबाट एक जनाको मृत्यु भएको छ । बुधबार दिउँसो करिब ३ बजे कञ्चनरुप नगरपालिका–१२ सप्तकोसी कोल्स्टोर अगाडि पूर्वपश्चिम राजमार्गमा टिपरले ठक्कर दिँदा कञ्चनरुप नगरपालिका ९ निवासी ५० वर्षीय अशोक कुमार साहको मृत्यु भएको हो । प्र २–०१–०० प ९६३४ नम्बरको मोटरसाइकलमा पूर्वतर्फ आउँदै गरेको अवस्थामा विपरित दिशाबाट आउँदै गरेको क १ ख ८६३ नम्बरको टिपरले ठक्कर दिँदा साहको घटनास्थलमै मृत्यु भएको सप्तरी प्रहरीले जनाएको छ । साहको मृत्युपछि स्थानीय तथा मृतकका आफन्तहरुले रुपनगर चौकमा टायर बालेर पूर्वपश्चिम राजमार्ग २ घण्टा अवरुद्ध गरका थिए । मृतकका परिवारलाई उचित क्षतिपूर्ति र टिपर चालकलाई कडा कारबाही गर्ने सहमतिपछि अवरुद्ध राजमार्ग खुलेको थियो । साह कञ्चनरुप क्षेत्रका नाम चलेका प्रतिष्ठित व्यापारी हुन् । कञ्चनरुप व्यापार संघले साहको सडक दुर्घटनामा असामयिक निधन भएकोमा कञ्चनरुप व्यापार संघ परिवार मर्माहत भएको उल्लेख गर्दै आज बिहीबार १२ बजेसम्म व्यापार व्यवसाय बन्द गर्न आह्वान गरेको छ ।

# जसपालाई मधेश सरकार र...

छलफल गरेका हुन् । बुधबार नेकपा एकीकृत समाजवादी पनि सरकारमा जाने भएपछि गठबन्धनलाई मधेश प्रदेश सरकारमा सुविधाजनक बहुमत पुग्ने भएकाले जसपा अब सरकारमा जाने तयारीमा छ । अध्यक्ष यादवले अर्को बैठक बोलाएर सरकारमा जाने विषयमा प्रधानमन्त्रीसँग भएको छलफलबारे ब्रिफिङ गरेर मन्त्री टुंग्याउने भएका छन् । गठबन्धनमा विभिन्न मन्त्रालयमा भागवण्डा हुनेक्रममा स्वास्थ्य मन्त्रालय र वन मन्त्रालय जसपाको भागमा परेको छ । कार्यकारिणी बैठकमा नेताहरुको कुरा सुनेपछि अध्यक्ष यादव भने सरकारमा जाने सम्भावना कम रहेको जसपाले जनाएको छ । नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी नेपाल सरकारमा प्रवेश गरेसँगै प्रधानमन्त्री पुष्पकमल दाहालका लागि अब सुविधाजनक बहुमत पुगेको छ भने नेपाली कांग्रेसले सरकार बनाउनका लागि समाजवादीलाई गरेको आग्रह पनि असफल भएको छ । अब सरकारका लागि चाहिएको बहुमत भन्दा बढी नै मत सरकारसँग रहनेछ । एमालेको ७६, माओवादीको ३२, रास्वपाको २१, जसपाको १२ र नेकपा एसको १० सिटसहित सरकारसँग अब १ सय ५१ सदस्यको साथसहित बहुमतमा गठबन्धन सरकार रहने भएकाले प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वासको मत लिन सक्ने भएका छन् । उनको सरकार सुरक्षित हुने भएको छ ।

# सिटी स्क्यान प्रकरण छानबिन...

लागि स्वास्थ्यमन्त्री सिंह स्वयम्ले विशाल पण्डितको काठमाडौँस्थित बसेरा होटलमा वार्ता गरेका थिए । पण्डितलाई ठेक्का दिन मुख्यमन्त्री सरोजकुमार यादवसँग सल्लाह गरेर निर्देशक नागेन्द्र यादवलाई सरुवा गरेर मन्त्री सिंहले आफ्ना विश्वासपात्र डा. मनीष पाण्डेलाई निमित्त निर्देशक बनाएका थिए भने पण्डितको कम्पनीलाई ठेक्का दिने प्रोजेक्ट बनाउन पण्डितकै कम्पनीका पूर्वकर्मचारी वन्दना मिश्रलाई परामर्शदाता नियुक्त गरिएको थियो । दरबन्दीका बायोमेड इन्जिनियर शैलेन्द्र यादवलाई सरुवा गरिएको थियो ।
अहिले छानबिनमा उनै शैलेन्द्र यादवलाई सरकारले जिम्मेवारी दिएको छ । एउटा व्यवसायीको सेटिङमा खरिद प्रकरण अघि बढेपछि मधेशदृष्टिले लगातार खबरदारी गरिरहेको थियो । खबरदारीपछि मुख्यमन्त्रीको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र मधेश प्रदेश सभाको सार्वजनिक लेखा समितिमा मेडिकल व्यवसायी नारायण कार्कीले माफियाको चंगुलमा परेर एउटा कम्पनीलाई माल ठेक्का दिने काम रोकेर सबैलाई प्रतिस्पर्धा गर्न पाउने गरी टेन्डर आह्वान गर्न र पण्डित, पाण्डे र मिश्रमाथि छानबिन गरी कारबाही गर्न माग गरेका थिए ।

# डढेलो र अतिक्रमणले उजाडिँदै वन



**रासस**
**महोत्तरी ।**
पूर्वपश्चिम राजमार्गको दायाँबायाँका वनक्षेत्रमा अहिले जताततै धुवाँको मुस्लो देखिन्छ । महोत्तरीको भब्सीपुलदेखि सर्लाहीसँगको सीमा पर्ने बाँके पुलसम्मको करिब १६ किलोमिटर दूरीको वनक्षेत्रमा जताततै लागेको डढेलोले परैसम्म धुवाँको मुस्लो देखिएको हो । धेरैजसो पूर्वपश्चिम राजमार्गभन्दा दक्षिणतर्फ सागरनाथ वन विकास परियोजनाको प्लटमा देखिने डढेलो अब उत्तरतर्फ पनि बढेको छ । राजमार्ग दक्षिण परियोजना र उत्तरतर्फ सामुदायिक (राष्ट्रिय वन) वनक्षेत्र छ । डढेलोको चपेटामा बढी परेको जिल्लाको बर्दिबास र गौशाला नगरपालिका क्षेत्रमा पर्ने परियोजनाको वनक्षेत्र अभिलेखले आठ हजार हेक्टर देखाउँछ । यद्यपि ठाउँठाउँमा भएको अतिक्रमणले हाल परियोजनाको वनक्षेत्र छ हजार हेक्टर मुनि झरेको वनसम्बद्ध अधिकारी स्वीकार गर्छन् ।

यसैगरी, जिल्लामा परियोजनाबाहेक सामुदायिक र धार्मिकसहितको वनक्षेत्र अभिलेखमा १६ हजार हेक्टरमाथि छ । यी क्षेत्रमा पनि अतिक्रमणको चपेटा छ । एकातर्फ अतिक्रमण र बर्सेनि फागुन÷चैतको डढेलोले वन सखाप पारिरहेको वनक्षेत्र नजिकका बासिन्दा बताउँछन् । 'वनक्षेत्रका रुखदेखि जग्गासम्म तस्करमा आँखा छन्, वन क्षेत्र ओगट्ने कारबाहीमा परेका देखिँदैनन्', बर्दिबास–३ का पाटुका बासिन्दा होमबहादुर खड्का भन्छन्, 'बर्सेनि डढेलोले वनक्षेत्र उजाड देखिएको छ ।' अतिक्रमणको चपेटा र बर्सेनिको डढेलोले वनक्षेत्र सखाप बन्दै गएको छ ।

फागुन मध्ययता पहिले परियोजनाका प्लटमा देखिने डढेलो दुई÷तीन दिनयता राजमार्ग उत्तरको सामुदायिक वनक्षेत्रमा बाक्लै देखिन थालेको छ । वनमा डढेलो देखिएपछि बस्तीमा त्रास छाउने गौशाला–८ ढल्केवर बेलगाछीका सामाजिक÷राजनीतिक कार्यकर्ता मीन रहपाल बताउँछन् । 'बस्तीसँगै जोडिएको वनक्षेत्रमा आगोको मुस्लो देखिन्छ, डरले राति निदाउन सकिन्न' रहपाल भन्छन् ।

यसपालि हिउँदे वर्षा नहुँदा वनक्षेत्रका पतिङ्गर (रुखबाट झरेका पात) खड्िएका हुँदा आगो चाँडै फैलने गरेको छ । दिनहुँको डढेलोले वनक्षेत्रका ससाना नयाँ बुटा डढेर कालो ठुटा बनेका छन् । अहिले बढी डढेलो परियोजना प्लटमा देखिए पनि राजमार्ग उत्तरको सामुदायिक वनक्षेत्रमा पनि दुई÷तीन दिनयता डढेलो बाक्लै बढेको छ । सामान्यतया चैतमा बढी देखिने डढेलो यसपाली भने मध्य फागुनदेखि नै बढेको हो । जिल्लाको बर्दिबास र गौशाला नगरपालिका क्षेत्रका सागरनाथ वन विकास परियोजनाको प्लटबाहेक राष्ट्रिय वन (सामुदायिक वन), साझेदारी वन र धार्मिक वनक्षेत्र पनि डढेलोले उजाड बनाउँदै लगेको बर्दिबास–५ का वडाध्यक्ष कहारमान स्याङ्वा बताउँछन् । 'राजमार्ग दक्षिणबाट सल्केको डढेलो अब राजमार्ग उत्तरतिर पनि बढ्दै गएको छ' स्याङ्वा भने, 'डढेलो नियन्त्रणमा अब कडाइ जरुरी छ ।' पूर्वपश्चिम राजमार्ग तल्तिर (दक्षिण) सागरनाथ वन विकास परियोजनाका प्लट छन् । माथितिर (उत्तर) राष्ट्रिय तथा सामुदायिक र धार्मिक वनको क्षेत्र बढी छ । अहिले तलतिर बढी डढेलो देखिएको छ ।

'धनुषा र महोत्तरीको साँध रातुपुलदेखि पश्चिम बाँकेपुलसम्मको महोत्तरीको करिब १८ किमी दुरीभित्रै पूर्वपश्चिम राजमार्गसँगै जोडिएर बर्दिबास र गौशाला नगरक्षेत्रका वनभित्रै चार वन सबडिभिजन कार्यालय (बाँके, टुटेश्वर, गणन्ता र गौरीडाँडा) छन्, सशस्त्र वन सुरक्षा कार्यालय छ , यसबाहेक सागरनाथ वन विकास परियोजनाको कार्यालय र पोष्ट नै छन्' वनक्षेत्रसँगै जोडिएको गौशाला–१० का विवेक कुशवाहा भन्छन्, 'डढेलो लगाउने कहिल्यै समातिएनन् ।'

डढेलो लगाएबापत कोही समातिने र कारबाहीमा पर्ने नदेखिएपछि डढेलो लगाउने बढेको कुशवाहाको भनाइ छ । खासमा वनसम्बद्ध कर्मचारीले जिम्मेवारी क्षेत्रलाई सेवाको काम नभएर जागिर बुझ्ने प्रवृति र वनसम्बद्ध समिति तथा कार्यालयको उदासिनताले वन उजाड हुँदै गएको यहाँ आम टिप्पणी बढेको छ । वनमा डढेलो लगाए त्यसपछि पानी परेलगत्तै नयाँ घाँस पलाउने विश्वासले वन क्षेत्र नजिककै पशुपालकले डढेलो लगाउने गरेका यस क्षेत्रका बुढापाकाको ठम्याइ छ । दिनहुँ गाईबस्तु डुलाउन वनक्षेत्र पुग्ने गोठालाले नै यस्तो गर्नेगरेका धेरैको बुझाइ छ । बर्सेनि फागुन लागेपछि डढेलो लगाउने क्रम बढ्ने थाहा भएर पनि वनसम्बद्ध कार्यालयले त्यसको नियन्त्रणमा पूर्वसजगता नअपनाएको यस भेगका बासिन्दाको गुनासो छ ।

जिल्लामा राष्ट्रिय वन, सामुदायिक, साझेदारी, धार्मिक र सागरनाथ वन विकास परियोजनाको समेत अभिलेखमा २४ हजार चार सय ६५ हेक्टर क्षेत्रफलमा वन रहेको डिभिजन वन कार्यालयले जनाउँदै आएको छ । यद्यपि पछिल्ला दुई दशकयता बढेको राजनीतिक संरक्षित अतिक्रमणले वनक्षेत्र अब १६ हजार हेक्टरभित्र खुम्चेको वन अधिकारी नै स्वीकार गर्छन् ।

पछिल्ला केही वर्षयता सुरक्षा तरलताले वन क्षेत्र रूखविहीन बन्दै गएका वन तथा वातावरण क्षेत्रमा कार्यरत सामाजिक संस्था सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासका अध्यक्ष नागदेव यादव बताउँछन् । वन क्षेत्रको सुरक्षा र व्यवस्थापनको मुख्य जिम्मेवारी रहेको डिभिजन वन कार्यालयले पर्याप्त सुरक्षाकर्मी नहुँदा सबै क्षेत्रमा सघन गस्ती गराउन नसकिएको स्वीकार गरेको छ ।

वन क्षेत्रको सुरक्षा र प्रवद्र्धनको कार्य वन क्षेत्रसँग जोडिएका बस्तीका बासिन्दाको सहयोगबाट सम्भव हुने वन कर्मचारीको भनाइ छ । खासमा डढेलो वन वरिपरिकै पशुपालक परिवारका गोठालाबाट हुने भएको हुँदा यसको नियन्त्रणमा सर्वसाधारणको सहयोग अपरिहार्य बनेको डिभिजन वन कार्यालयका प्रमुख सन्तोस झा बताउँछन् ।

'वनमा डढेलो रूखहरुबीचको घर्षण र आगो सल्काएरै हुने हो, यहाँ धेरैजसो सल्काइएको आगोले नै नोक्सान गर्दै आएको छ' झा भन्छन् 'बर्सेनि डढेलो नियन्त्रणका लागि छलफल, प्रचारप्रसार गरिदैछ, यद्यपि यो नियन्त्रण हुन सकेको छैन ।' आगो सल्काएर हिँडेपछि अनुमानको आधारमा कसैलाई समात्ने न्यायोचित नहुने र यो मिनटभरमै गर्ने भएपछि यस्तालाई नियन्त्रणमा लिन कठिनाइ भएको झा स्वीकार गर्छन् ।

'हामी सुरक्षा र प्रशासनिक निकायको समन्वयमा गस्ती गरिरहेका हुन्छौँ तर डढेलो नियन्त्रणका लागि यो पर्याप्त छैन' झा भन्छन् । 'स्थानीय तह, नागरिक समाज, वनसम्बद्ध समिति र आम उपभोक्ताबीच डढेलोविरुद्ध समन्वय र संयुक्त पहलकदमीको आवश्यकता छ ।' यस्तो समन्वयका लागि डिभिजन वन कार्यालयले आफ्ना मातहत कार्यालयमार्फत निरन्तर प्रयत्न गरिरहेको उनको भनाइ छ ।

दादुरा-रुबेला खोप अभियान
२०८० फाल्गुन १३ देखि चैत्र ७ गते सम्म




दादुरा, रुबेला अतिनै संक्रामक र प्राणघातक रोगहरु हुन् । यसबाट बालबालिकाको मृत्यु समेत हुन सक्छ । दादुरा-रुबेला भएको एक जना व्यक्तिले १८ जना सम्मलाई सार्न सक्छ ।
त्यसैले आफ्ना बालबालिकालाई दादुरा रुबेला खोप लगाएर यी रोगहरू लाग्नबाट बचाऔं ।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

# उपसचिव प्रधानलाई दुई पालिकाको जिम्मेवारी



**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहटको कटहरिया नगरपालिकाको नयाँ प्रमुख प्रशासकीय अधिकृतको रूपमा उपसचिव सुरेन्द्र प्रधानलाई जिम्मेवारी दिइएको छ । यस संगै उनलाई दुई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी पाएका हुन् । यस अघि प्रधान फतुवा बिजयपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्भाल्दै आएका छन् । तत्कालीन प्रमुख प्रशासकीय अधिकृत गौरीशंकर कुमार सिंह बाराको एक स्थानीयतहको प्रमुखको रूपमा सरुवा भएर गएपछि दुई सातादेखि कटहरिया नगरपालिकाका प्रमुख बिहिन बनेको थियो । कटहरियाका मेयर अजयप्रकाश जैसवालको पहलमा संघीय मामिला तथा सामान्य मन्त्रालयबाट कटहरियाको प्रमुख प्रशासकीय अधिकृतमा उपसचिव प्रधानको नामको पत्र बनेर बुझिसकेको कार्यपालिका सदस्य मनोज कुमार जैसवालले बताए ।

हाल विदेश भ्रमणमा रहेका प्रधान एक दुई दिनमै नेपाल आएपछि कटहरिया नगरपालिकामा हाजिर हुने सदस्य जैसवालले जानकारी दिए । फतुवा विजयपुर नगरपालिकामा कार्यवाहक मेयर अम्बेया खातुन र वडा अध्यक्षहरु बीचको लामो समय देखि चलेको बिवाद उपसचिव प्रधानको पहलमा समाधान भएको थियो । उपसचिव प्रधान यस अघि गौर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा रहिसकेका छन् । प्रसाशनिक सेवामा उनी एकदमै चुस्त दुरुस्त रहेको उनको बारेमा जानकारहरुले बताउँदै आएका छन् ।

# १३ वर्षीय एक बालक दुई दिनदेखि बेपत्ता

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजबाट एक १३ वर्षीय बालक दुई दिनदेखि हराएका छन् । वीरगंज महानगरपालिका वडा नम्बर ११ श्रीपुरका अब्बास हवारीका १३ वर्षीय छोरा शान अली मंगलबार दिउँसोदेखि हराएका हुन् । गंहुगोरो वर्णका शान अली मंगलबार दिउँसो २ बजेतिर खेल्न भनेर घरबाट निस्किएको र अहिलेसम्म परिवारजनाको सम्पर्कमा नआएको भन्दै अभिभावक चिन्तत भएका छन् ।



टोल छिमेक तथा आफन्त र नातागोता सबैतिर खोजी गर्दा पनि फेला नपरेको भन्दै अभिभावकले हराएका छोराको खोजी गरिदिन जिल्ला प्रहरी कार्यालय पर्सामा निवेदन दिएका छन् । शानलाई फेला पार्नेले नजिकको प्रहरी कार्यालय वा उनका बुबाको मोबाइल नम्बर ९८०२३४०५४२ मा सम्पर्क गरेर सहयोग गरिदिन जिल्ला प्रहरी कार्यालय पर्साले अनुरोध गरेको छ ।

# भऱ्याङबाट लडेर सहायक प्रहरी हवल्दारको मृत्यु

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीमा एक सहायक प्रहरी हवल्दारको मृत्यु भएको छ । बुधबार भ-याङबाट लडेर सर्लाही जिल्लाको बलरा नगरपालिका १० सिंह टोल घर भई इलाका प्रहरी कार्यालय बोदे बरसाईनमा कार्यरत ३३ वर्षीय सहायक प्रहरी हवल्दार कृष्ण मोहन सिंहको मृत्यु भएको हो । भऱ्याङबाट लडेर घाइते भएका सिंहको बुधबार बिहान मृत्यु भएको इलाका प्रहरी कार्यालय बोदेबर्साईनलाई उद्धृत गर्दै सप्तरीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक ढुण्डिराज न्यौपानेले जानकारी दिए । घाइते सिंहलाई उपचारका लागि स्थानीय जीवन ज्योति हस्पिटलमा लगिएपनि त्यहाँ उपचार सम्भव नभएपछि तत्कालै छिन्नमस्ता हस्पिटल राजविराज पठाइएको थियो । तर हस्पिटलले सिंहलाई मृत घोषणा गरेको प्रहरी नायब उपरीक्षक न्यौपानेले बताए ।



मृतक सहायक प्रहरी हवलदारको शव राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा राखिएको र पोस्टमार्टम गरेपछि आफन्तलाई जिम्मा लगाउने प्रवक्ता न्यौपानेले जानकारी दिए । घटनाबारे थप अनुसन्धान भइरहेको सप्तरी प्रहरीले जनाएको छ ।

*राजनीतिको नैतिकतासँग कुनै आइनोसाइनो र सम्बन्ध छैन ।*
*–निकोलो*

## सम्पादकीय

## प्लाइउड भारत निकासीमा नयाँ प्रावधान

*भारत सरकारले नेपालबाट निकासी हुने प्लाइउड (काठको प्रशोधित पाता)मा इण्डियन स्ट्यान्डर्स इन्स्टिच्युट (आईएसआई) मापदण्ड लागूको तयारी गरेको छ । यसका लागि अरु केही म्याद थप्न भारत सरकार लचिलो बनेपछि नेपाली व्यवसायीका लागि राहत नै हुने भएको छ । आइएसआई प्रमाणित नभएका नेपाली प्लाइउड आयातमा फागुन १६ गतेदेखि रोक लगाउने गरी छ महिनाअघि भारत सरकारले गरेको निर्णयले नेपाली प्लाइउड उत्पादकमा छाएको चिन्ता यसले केही भए पनि दूर गरेको छ । सरकारले आइएसआई प्रमाणपत्रका लागि प्रक्रिया पूरा गर्न समय लाग्ने जनाउँदै भारत सरकारलाई कडाइ नगरिदिन अनुरोध गरेपछि भारत केही लचिलो भएको छ । भारतले आगामी छ महिनाका लागि म्याद थप गरेपछि नेपाली व्यवसायीका लागि ठूलो राहत भएको छ । झापाको को मेची उद्योग वाणिज्य सङ्घका अध्यक्ष खेमराज प्रसाईँका अनुसार, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र प्रमुख राजनीतिक दलका नेता भेटेर भारतले नेपाली प्लाइउड रोक्ने नयाँ नीति लागू गरेको अवगत गराएपछि अर्बौंको विदेशी मुद्रा आर्जन हुने प्लाइउड निर्यात नरोक्न सरकारबाट पनि पहल भएको हो । नेपालीको पहलमा भारत सरकारले छ महिना म्याद थप गरेपछि यसले उत्साह थपेको हो ।*

*भारत सरकारले राजपत्रमा नयाँ सूचना जारी गर्दै नेपालको प्लाइउड भारतमा बिक्री गर्नका लागि आइएसआई प्रमाणपत्र लागू हुने म्याद फेब्रुअरी २९ तारिखबाट छ महिना बढाएर अगस्टसम्म पु¥याएको छ । नेपाल भेनियर उत्पादक सङ्घका उपाध्यक्ष श्याम न्यौपानेले भारतले थपेको छ महिनाले समस्या टरेको नभएर केही पर मात्र धकेलिएको बताए । नेपालका भेनियर उद्योग आइएसआईमा दर्ताका लागि प्रयासरत् रहेका बेला ६ महिना थपिँदा राहत भए पनि आइएसआई प्रमाणपत्र नलिइ निकासी सम्भव नहुनेबारे पनि व्यवसायीले विकल्प खोज्नु पर्ने भएको छ । आइएसआई लिन नेपालका उद्योग धमाधम आइएसआइ दर्ता प्रक्रियामा जानुको विकल्प छैन । आइएसओ अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त गुणस्तर मापदण्ड हो भने आइएसआइ भनेको भारत सरकारको गुणस्तर मापदण्ड हो । भारतले आइएसआइ मापदण्ड पूरा नभएका विभिन्न विदेशी सामानलाई उसको मुलुकमा आयातको अनुमति दिँदैन । भारतको उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालय अन्तर्गत रहेको ब्यूरो अफ इन्डियन स्टेन्डर्सले आइएसआई चिह्न र प्रमाणपत्र जारी गर्दछ । भारतले नेपाल लगायतका केही छिमेकी मुलुकलाई यो गुणस्तर मापदण्ड बिना नै यसअघि प्लाइउड आयातको अनुमति दिँदै आएको थियो । हाल भारत सरकारले नेपाली प्लाइउडलाई कडाइ गर्दै गुणस्तर मापदण्डको दायरामा ल्याएको हो ।*

*आइएसआई गुणस्तर चिह्न र प्रमाणपत्र प्राप्त गर्न सुरुमा आफ्नो उद्योगमा गुणस्तर प्रयोगशाला स्थापना गर्नुपर्दछ । नेपालमा उत्पादित प्लाइउडको नमुना भारतको पटना, दिल्ली र कोलकातालगायतका प्रयोगशालामा परीक्षण गराउनु पर्ने झञ्झट थपिएको व्यवसायीको भनाइ छ । नेपालमा उच्चकोटीको प्रयोगशाला नभएको कारण देखाउँदै भारतले आफ्नै मुलुकको प्रयोगशालामा गुणस्तर जाँच्नु पर्ने बाध्यता सिर्जना गर्दै आएको छ । आइएसआई चिह्न र प्रमाणपत्रका लागि उद्योगमा प्रयोगशाला स्थापना गर्दा २० लाख रुपैयाँ भन्दा बढी आर्थिकभार थपिने छ । नेपालबाट बर्सेनी दुई अर्ब रुपैयाँ बराबरको प्लाइउड भारततर्फ निकासी गर्दै आएको छ । पूर्वी नेपालको झापा, मोरङ, सुनसरी र इलाममा सञ्चालित दर्जनौँ भेनियर उद्योगले भारतले ६ महिना थपेको म्यादमा आएसआई लिइसक्नु पर्ने भएको छ ।*

### लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

### कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# सेवा प्रवेशको उमेर घटाउने र अवकाश पाउने उमेर बढाउने प्रस्ताव




'सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०' आइतबार संसद्मा दर्ता भइसकेको छ । विधेयक विद्यमान निजामती ऐनमा भएका केही व्यवस्था संशोधन र नयाँ व्यवस्थासहित तयार पारिएको छ । विधेयकले कर्मचारीको सेवा शर्त र सुविधासम्बन्धी कानूनलाई सङ्घीयताअनुरुप सञ्चालन गर्न आवश्यक व्यवस्थाहरू समेटेको छ।

**श्रेणीबाट तहगत व्यवस्थाः**

संसद्मा दर्ता भएको विधेयकमा निजामती कर्मचारीलाई श्रेणीगतबाट तहगत प्रणालीमा लगिने प्रस्ताव गरिएको छ । राजपत्राङ्कित विशिष्ट अधिकृत चौधौं र तेह्रौँ तह हुनेछ । राजपत्राङ्कित प्रथममा बाह्रौ र एघारौँ तह रहनेछ । राजपत्राङ्कित द्वितीयमा दसौँ र नवौँ तह छन् । छैटौँ, सातौँ र आठौँ तहलाई राजपत्राङ्कित तृतीय मानिएको छ। पहिलोदेखि पाँचौँ तहसम्म राजपत्र अनङ्कित श्रेणी प्रस्ताव गरिएको छ।

यो विधेयक पारित भएर ऐनका रूपमा लागु भएपछि राजपत्राङ्कित विशिष्ट श्रेणीको मुख्य सचिव र मुख्य रजिष्ट्रारको पदमा बहाल रहेका कर्मचारी अधिकृत चौधौं तहमा रहनेछन्। राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव वा सो सरहको पदमा बहाल रहेको कर्मचारी अधिकृत तेह्रौँ, राजपत्राङ्कित प्रथम श्रेणीको पदमा बहाल रहेको कर्मचारी अधिकृत एघारौँ र राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा बहाल कर्मचारी अधिकृत नवौँ तहमा रहनेछन्। राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बहाल रहेको कर्मचारी अधिकृत सातौं मानिनेछ।

त्यसैगरी, राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा बहाल रहेको कर्मचारी सहायक पाँचौँ, द्वितीय श्रेणीको कर्मचारी चौथोमा, तृतीय श्रेणीको कर्मचारी सहायक तेस्रोमा र राजपत्र अनङ्कित पाँचौ श्रेणी वा सहायक पहिलो तहमा कायम हुनेछ। यो ऐन प्रारम्भ हुनुअघि श्रेणीबिहीन पदमा बहाल रहेको निजामती कर्मचारी यो ऐन प्रारम्भ भएपछि स्वतः राजपत्र अनङ्कित पाँचौँ श्रेणी वा सहायक पहिलो तहमा कायम भएको मानिने विधेयकमा उल्लेख छ।

**सेवा प्रवेश र पदपूर्ति**

राजपत्र अनङ्कित पाँचौँ श्रेणी अर्थात् सहायक पहिलोमा शतप्रतिशत खुला प्रतियोगिताबाट पूर्ति गरिनेछ । राजपत्र अनङ्कित द्वितीय श्रेणी अर्थात् सहायक चौथोमा ८० प्रतिशत खुला १० प्रतिशत अन्तरतह प्रतियोगिताद्वारा र १० प्रतिशत बढुवाद्वारा पूर्ति गरिनेछ। राजपत्र अनङ्कित प्रथम श्रेणी अर्थात् सहायक पाँचौंमा शतप्रतिशत बढुवाद्वारा पूर्ति गरिने प्रस्ताव गरिएको छ । राजपत्राङ्कित तृतीय श्रेणी अर्थात् अधिकृत सातौंमा ६५ प्रतिशत खुला प्रतियोगिता, १० प्रतिशत अन्तरतह प्रतियोगिता र २५ प्रतिशत बढुवाद्वारा गरिनेछ।

राजपत्राङ्कित द्वितीय श्रेणी अर्थात् अधिकृत नवौं तहमा १० प्रतिशत खुला प्रतियोगिता, २० प्रतिशत अन्तरतह प्रतियोगिता र ७० प्रतिशत आन्तरिक बढुवाद्वारा गरिनेछ। राजपत्राङ्कित प्रथम श्रेणी अर्थात् अधिकृत एघारौं तहमा खुला प्रतियोगिताद्वारा १०, अन्तरतह प्रतियोगिताद्वारा १० र आन्तरिक बढुवाद्वारा ८० प्रतिशत पदपूर्ति गरिने प्रस्ताव गरिएको छ।

अधिकृत नवौं तहमा खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिने पदका लागि सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको र सङ्घीय निजामती सेवा, स्थानीय सेवा वा अन्य कुनै सरकारी सेवा वा सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सरकारी संस्थाको अधिकृत स्तरको पदमा सात वर्ष काम गरेको हुनुपर्नेछ। त्यसैगरी, अधिकृत नवौं तहमा दश वर्षको अनुभव प्राप्त गरेको व्यक्ति उम्मेदवार हुन सक्नेछ।

**आरक्षणभित्र आरक्षण**

खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४९ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसको ५० प्रतिशत पदमा महिलाबीच मात्र र बाँकी ५० प्रतिशतमा अन्य समूहका उम्मेदवारबीच मात्र प्रतिस्पर्धा गराइनेछ । महिलाबीचमात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्नका लागि छुट्याइएको ५० प्रतिशत पदलाई शतप्रतिशत मानी महिला उम्मेदवारबीच पनि विभिन्न समूहमा प्रतिस्पर्धा गराइनेछ । अर्थात् महिलाभित्र पनि विभिन्न समूहमा आरक्षणसहित प्रतिस्पर्धा गराइनेछ । महिला समूहमा खसआर्यलाई २७ प्रतिशत, आदिवासी जनजातिलाई २५ प्रतिशत, मधेसी १५ प्रतिशत, दलित १२ दशमलव सात प्रतिशत थारु छ दशमलव छ प्रतिशत, मुस्लिम चार प्रतिशत, पिछडिएको क्षेत्र चार प्रतिशत र अपाङ्गता भएका व्यक्ति चार प्रतिशत रहेको छ।

**सेवा प्रवेशको उमेर घटाउने प्रस्ताव**

खुला प्रतिस्पर्धाबाट निजामती सेवामा प्रवेशका लागि उम्मेदवार हुन तोकिएको विद्यमान उमेर हदलाई संशोधन गर्न लागिएको छ। राजपत्र अनङ्कित वा सहायक तहको पदमा १८ वर्ष पूरा भएको र राजपत्राङ्कित वा अधिकृत तहको पदमा २१ वर्ष पूरा भएको हुनुपर्नेछ। पुरुष उम्मेदवारको हकमा ३२ वर्ष र महिला उम्मेदवारको हकमा ३७ वर्ष उमेर नकटेको हुनुपर्नेछ। अपाङ्गता भएका व्यक्ति ३७ वर्षसम्म उम्मेदवार हुन सक्नेछन्। हाल उम्मेदवार हुन पाउने उमेरहद पुरुषको हकमा अधिकतम ३५ वर्ष र महिलाको हकमा ४० वर्ष रहेको छ।

भूतपूर्व सैनिक वा प्रहरी नियुक्ति हुने भनी तोकिएको सङ्घीय निजामती सेवाको पदमा भने ४० वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ । अधिकृत नवौँ तहको पदका लागि हुने खुला प्रतियोगितामा ४० वर्ष ननाघेको व्यक्ति मात्रै उम्मेदवार हुन सक्नेछ।

राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीको पदावधि मुख्य सचिव वा सर्वोच्च अदालतको मुख्य रजिष्ट्रारको पदावधि तीन वर्ष र सचिवको पदावधि पाँच वर्ष रहेको छ । एक आर्थिक वर्षमा बढीमा तीन महिनाका लागि मात्र काज खटाउने सकिने व्यवस्था विधेयकमा राखिएको छ।

**सेवासुविधा**

निजामती कर्मचारीलाई आवास सुविधा, सरकारी सुविधा, विशेष आर्थिक सुविधा तथा स्वास्थ्य बीमा योजनालगायतका सुविधाको प्रस्ताव गरिएको छ। निजामती कर्मचारीले खाइपाइ आएको तलब बराबरको रकम प्रत्येक आर्थिक वर्षमा एकपटक चाडबाड खर्चका रूपमा पाउनेछन् । कर्मचारीको योगदानमा आधारित सावधिक जीवन बीमा सरकारले नै गर्नेछ । कर्मचारीको मासिक तलबबाट दश प्रतिशतका दरले हुने रकम कट्टा गरी सो रकममा सरकारले शतप्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा राखिने व्यवस्था गरिनेछ। सरकारले निजामती कर्मचारीलाई जग्गा खरिद तथा आवास निर्माणका लागि सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था पनि विधेयकमा राखिएको छ।

**बढुवा र तहवृद्धि**

सङ्घीय निजामती सेवाको पदमा बढुवाका लागि उम्मेदवार हुन राजपत्र अनङ्कित पदका लागि पाँच वर्ष र राजपत्राङ्कित पदका लागि सातवर्ष सेवा अवधि आवश्यक हुने प्रावधान राखिएको छ। तहवृद्धि गर्दा सहायक पाँचौँ, सातौं तह, एघारौं तहमा सातवर्ष सेवा अवधि पूरा भई पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तीमा ९० प्रतिशत अङ्क प्राप्त गरेको र नकारात्मक सूचीमा नपरेको अवस्थामा त्यस्तो कर्मचारीलाई एक तह वृद्धि गर्न सकिने व्यवस्था विधेयकमा राखिएको छ। राजपत्र अनङ्कित पाँचौँ श्रेणीको पदमा सुरु नियुक्ति हुने निजामती कर्मचारीको प्रथमस्तर कायम गरी त्यसपछि प्रत्येक पाँच वर्षमा स्तरवृद्धि गरी बढीमा पाँचौँस्तरसम्म वृद्धि गर्न सकिनेछ।

**निवृत्तिभरण र अवकाश**

विधेयकको व्यवस्थाअनुसार निजामती कर्मचारीले साठी वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउनेछन् । विद्यमान निजामती ऐनमा कर्मचारीको उमेरहद ५८ वर्ष छ। निवृत्तिभरण पाउने अवस्था र उमेरको हद ५५ वर्ष पूरा भएका निजामती कर्मचारीले स्वेच्छिक अवकाश लिन पाउनेछन् । यसरी स्वेच्छिक अवकाश लिने कर्मचारीको साठी वर्ष उमेर ननाघ्ने गरी बढीमा पाँच वर्षसम्म सेवा अवधि थप गरी निवृत्तिभरणका लागि जम्मा सेवा अवधि कायम गरिनेछ।

पाँच वर्ष वा सोभन्दा बढी सेवा गरेको तर निवृत्तिभरण पाउने अवधि नपुगेको निजामती कर्मचारीले अवकाश पाएमा निश्चित रकम उपदान पाउनेछन्। पाँच वर्षदेखि १० वर्ष सेवा गरेकाले आधा महिनाको तलब, १० देखि १५ वर्ष सेवा गरेका कर्मचारीले प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब र १५ वर्ष देखि २० वर्षसम्म सेवा गरेको कर्मचारीले प्रत्येक वर्षको आखिरी डेढ महिनाको तलब उपदानका रूपमा पाउनेछन्।

२० वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेका कर्मचारीले आजीवन निवृत्तिभरण पाउनेछन्।

**कर्मचारीको आचरण**

निजामती कर्मचारीहरू राजनीतिक क्रियाकलापमा सङ्लग्न हुन नपाउने, सरकारको आलोचना गर्न नपाउने, सरकारी कामकाजसम्बन्धी समाचार प्रकाशन गर्न नपाउनेलगायतका व्यवस्था विधेयकमा छन् । त्यस्तै, निजामती कर्मचारीले सरकारको पूर्वस्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कुनै व्यक्तिबाट कुनैपनि प्रकारको दान, दातव्य, कोसेली, उपहार स्वीकार गर्न वा चन्दा माग्न पाउने छैनन् । सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग कर्मचारीले सापटीसमेत लिन नपाउने व्यवस्था विधेयकमा राखिएको छ।

निजामती कर्मचारीले कम्पनी स्थापना वा सञ्चालन गर्न तथा व्यापार व्यवसाय गर्न पाउने छैनन्। परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्यमा पनि कर्मचारी आवद्ध हुन पाउने छैनन् । निजामती कर्मचारीले प्रदर्शन तथा हड्ताल गर्न पाउने छैनन्। "निजामती कर्मचारीले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, दबाब दिन, कलम बन्द गर्न, तालाबन्दी गर्न वा अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पु¥याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउनसमेत नहुने व्यवस्था गरिएको छ", विधेयकमा भनिएको छ। कर्मचारीले विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा सार्वजनिक पदाधिकारी, कुनै राजनीतिक दल, राजनीतिक दलको पदाधिकारीको पक्षा वा विपक्षमा कुनै टिप्पणी गर्न नपाउने व्यवस्था गरिएको छ।

**प्रदेश र स्थानीय तहमा सङ्घबाटै कर्मचारी**

प्रदेश सरकारको प्रमुख सचिवको पद सङ्घीय निजामती सेवाको पद हुने व्यवस्था विधेयकमा गरिएको छ । प्रदेश मन्त्रालयका सचिवको पद अधिकृत बाह्रौँ तहको प्रदेश निजामती सेवाको पद हुनेछ। त्यसैगरी, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत यो ऐन लागू भएको दश वर्षसम्म सङ्घीय निजामती प्रशासन सेवाको कर्मचारी खटाइने पनि विधेयकमा उल्लेख छ।

**समायोजनसम्बन्धी व्यवस्था**

सङ्घीय कानून बमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका तथा समायोजन मिलान वा संशोधन गर्दा प्रदेश वा स्थानीय तहमा समायोजन भएका तर हाजिर हुन नसकी फिर्ता भएका कर्मचारीको पदस्थापनसम्बन्धी व्यवस्था पनि विधेयकले समेटेको छ। स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई सम्बन्धित प्रदेशको स्थानीय तह र प्रदेशका कर्मचारीलाई अर्को प्रदेशमा पनि पठाउन सकिनेछ । तर समायोजन भएका कर्मचारीलाई सङ्घीय निजामती ऐनले भने नसमेट्ने व्यवस्था गर्न लागिएको छ।

स्थायी सिफारिस नभएकालाई अस्थायी नियुक्ति

निजामती कर्मचारीमा अस्थायी नियुक्ति दिनुपर्दा लोकसेवा आयोगले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारबाट नियुक्त गरिनेछ। अस्थायी नियक्ति गर्ने प्रयोजनका लागि सूची प्रकाशन गर्ने र सो सूचीमा रहेका मध्येबाट योग्यताक्रमका आधारमा अस्थायी कर्मचारी नियुक्त गरिनेछ।

**एघार सेवा समूह**

सङ्घीय निजामती सेवाअन्तर्गत ११ वटा सेवा राखिएका छन्। जसअन्तर्गत नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, इन्जिनियरिङ, कृषि, न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण, वन, शिक्षा, सूचना प्रविधि र विविध सेवा रहेका छन्। त्यसैगरी, तेह्रौँ तहसम्म सेवा विशिष्टीकरण गर्ने प्रयोजनका लागि विभिन्न छ वटा सेवा रहनेगरी समूहीकरण (क्लस्टर) गरिएको छ । जसअन्तर्गत इन्जिनियरिङ, कृषि तथा वन, न्याय, परराष्ट्र, प्रशासन र लेखापरीक्षण सेवा रहनेछन्। सङ्घीय निजामती कर्मचारीका विभिन्न श्रेणी र तहको व्यवस्था गरिएको छ । रासस

# ‘मधेशका मुद्दाप्रति सरकार संवेदनशील हुनुपर्छ’



## सांसद यादवको परिचय

धनुषा जिल्ला स्थायी ठेगाना भएकी सांसद मुक्ताकुमारी यादव २०५३ सालदेखि नै नेपाली कांग्रेसबाट राजनीतिमा आबद्ध भएकी थिइन् । उनी यसअगावै नेपाल महिला सङ्घ जिल्ला सचिव, नेपाल महिला सङ्घको केन्द्रीय सदस्य, नेपाल शिक्षक सङ्घको केन्द्रीय प्रतिनिधि, १४औँ महाधिवेशनमा केन्द्रीय सदस्यमा निर्वाचित भएकी थिइन् । दोस्रो संविधानसभा सदस्य, राष्ट्रियसभा सदस्य सांसद यादव समानुपातिक निर्वाचन प्रणालीतर्फबाट हाल कांग्रेसको प्रतिनिधिसभा सदस्य हुन् ।

“

*‘उर्वरभूमि बोकेको मधेश प्रदेशमा कृषि क्षेत्रलाई समृद्ध बनाउनुको विकल्प छैन । अहिले मधेश क्षेत्रमा चुरेको संरक्षण छैन । सिँचाइ छैन । दिगो सिँचाइ सुनिश्चित गर्नतर्फ ध्यान छैन । कहाँबाट उत्पादन बढ्छ ? उखुखेतीमा किसान उचित मूल्य नपाएर पीडित भएका छन् । किसानको पसिनाको मूल्यांकन गर्न सकेका छैनौँ ।’*

***मुक्ताकुमारी यादव, प्रतिनिधिसभा सदस्य***

**रासस**
**काठमाडौँ ।**
कृषिप्रधान देश नेपालमा किसानलाई मारमा पारेर समृद्धिको सपना देख्नु न्यायसङ्गत हुन्छ र ? कृषि क्षेत्रको मुख्य केन्द्रका रूपमा रहेको मधेस प्रदेशका किसान आज किसान हुनुमा पीडा महसुस गर्दैछन् । पछिल्लो समय झन् बल्झँदै गएको मिटरब्याजपीडित, उखु किसान, दाइजो प्रथालगायतका मधेश प्रदेशका मुद्दाप्रति सरकार संवेदनशील हुनुपर्छ ।

मधेश प्रदेशबाट प्रतिनिधित्व गर्दा मैलै अनुभव गरेको, सरकारले मधेस प्रदेशलाई हेर्ने दृष्टिकोण नै फरक छ । हरेक प्रकारले राज्यद्वारा मधेश प्रदेशलाई पछाडि पारिएको छ । मुलुकमा लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न संविधानसभाबाट नेपालको संविधान पारित गरेका हौँ । सङ्घीयताको माध्यमद्वारा मुलुकमा शान्ति, सुशासन, समृद्धिका लक्ष्य पूरा गर्न संविधानसभाबाट संविधान पारित गरेका हौँ । संविधानलाई समयसापेक्ष, जनताका मागअनुसार संशोधन गर्दै जाने भन्ने विषयमा विश्वास गरी मधेशमा विरोध जनाउँदा हामी त्यस क्षेत्रको प्रतिनिधित्व गरेका सांसद संविधानमा हस्ताक्षर गरेका हौँ ।

हामीले प्रतिबद्धता जनाएका एजेण्डा कति सम्बोधन गरेका छौँ ? जनताका मागलाई हामीले कति मध्यनजर गर्न सकेका छौँ ? संविधानमा व्यवस्था गरेका जनताका अधिकार सुरक्षा, संरक्षणमा राज्य कतिको संवेदनशील भएको छ ? आज प्रश्न गर्ने समय आएको छ । संविधानमा उल्लेखित सामाजिक, सांस्कृतिक विकासका विषयमा आज हामी कहाँ छौँ ? आज धर्म, संस्कृति, जात, क्षेत्रका नाममा भएका विभेद तथा समस्या समाधानमा राज्य संवेदनशील बन्नुपर्ने हो । विगतमा धर्म, संस्कृतिका नाममा विभेद, मनमुटाव भएका थिएनन् । पछिल्लो समय एकापसमा बढ्दै गएको विभेद, मनमुटावले आउने समय त्रसित बनाउन सक्छ । जटिल समस्या निम्त्याउन सक्छ । यसमा राज्य चनाखो हुनुपर्छ ।

संसद्को अघिल्लो अधिवेशनमा एउटा मात्र कानुन निर्माण गर्न सफल भएका थियौँ । सोही समयमा पारित भएको मिटरब्याजसम्बन्धी विधेयकले झन् विकराल अवस्था सिर्जना गर्नेवाला छ । ऋण लेनदेनमा केहीले बदमासी गरेका होलान् तर दुवै पक्ष पीडित छन् । अहिले उद्यम, व्यवसाय गर्न ऋण लिन बैंकबाट पाउँदैनन् । साहुले दिँदैन । आफूसँग भएको जग्गा सही मूल्यमा बिक्री हुन नसक्दा छोराछोरीको पढाइमा समस्या आएको छ । वैवाहिक कार्यक्रममा असर परेको छ । ऋण लिने समयमा एकापसमा गरेको समझदारी बिर्सेर साहुलाई निवेदन दिएर फसाउने प्रवृत्तिले गाउँमा त्रास छ । यो विधेयकले मधेश प्रदेशलाई नियोजित तरिकाले फसाएको छ । सुनियोजित ढङ्गले मधेश प्रदेशमा झडप, मनमुटावको वातावरण सिर्जना गरिदिएको छ । कस्तो मिटरब्याजपीडित हो भन्ने कुरा कानुनमा उल्लेख छैन । परिभाषामा उल्लेख त हुनुपर्यो नि ? यस सम्बन्धमा छलफल पनि भएन ।

एकातिर हामी भन्छौँ आयात घटाउने, निर्यात बढाउने तर किसानलाई सहुलियत ऋण, अनुदान, सुविधा प्रदान गर्न सकेका छैनौँ । जबसम्म हामी व्यावसायिक, वैज्ञानिक खेतीसँग जोडिदैनौँ तबसम्म आत्मनिर्भर बन्न सक्दैनौँ । परम्परागत शैलीको कृषि प्रणालीले उत्पादकत्वमा समुन्नत बनाउन सक्दैन । उत्पादकत्व बढ्दैन भने कसरी आयात घट्छ ? सरकारले समयसापेक्ष किसान लक्षित योजना तय गर्नुपर्छ ।

उर्वरभूमि बोकेको मधेश प्रदेशमा कृषि क्षेत्रलाई समृद्ध बनाउनुको विकल्प छैन । अहिले मधेश क्षेत्रमा चुरेको संरक्षण छैन । सिँचाइ छैन । दिगो सिँचाइ सुनिश्चित गर्नतर्फ ध्यान छैन । कहाँबाट उत्पादन बढ्छ ? उखुखेतीमा किसान उचित मूल्य नपाएर पीडित भएका छन् । किसानको पसिनाको मूल्याङ्कन गर्न सकेका छैनौँ । खेती गर्छन् पैसा दिँदैन । सिँचाइ नभएर खेती बाँझो राख्नुपर्ने अवस्था आउन थाल्यो । सरकार मधेश प्रदेशप्रति संवेदनशील भएन ।

सरकार स्थिर नहुँदा नीतिगत, राजनीतिक, सामाजिक समस्या जनताले भोग्नुपरेको छ । पछिल्लो समय मुलुकका संवेदनशील तथा महत्त्वपूर्ण विधेयकका रूपमा सरकारले राम्रो गति लिएको थियो । सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक, शिक्षा विधेयकलगायतका विधेयकमा समिति संसद्मा तीव्रगतिमा गएको थियो । अचानक सरकार उथलपुथल हुँदा संसद्को क्यालेण्डरअनुसार संसदीय गतिविधि प्रभावित बन्न पुगेका छन् । हिउँदे अधिवेशनमा बजेटका सिद्धान्त र प्राथमिकतामाथिको छलफल रहेको बैठक स्थगित भयो । राजनीतिक अस्थिरताले संसदीय अभ्यासलाई प्रभावित गर्ने गर्छ ।

व्यवस्था र अभ्यासमा हामीमा ठूलो खाडल छ । जनसंख्याको आधारमा समानुपातिक समावेशीको सिद्धान्तलाई अवलम्बन गर्ने विषयलाई त पछि सम्बोधन भयो । तर जनसंख्याको आधारमा निर्वाचन क्षेत्र अझै पनि बाँकी छ । सङ्घीय संसद्का दुवै सदनमा यस क्षेत्रका समस्या, मुद्दा उठान गर्ने गरेको छु । वास्तवमा म मधेस प्रदेशको महिला प्रतिनिधि पनि हुँ । महिलालाई आर्थिक, शैक्षिक, राजनीतिकरूपमा सवलीकरण तथा सशक्तीकरण गर्नुपर्छ । महिला लक्षित कार्यक्रम आएका छन् तर वास्तविक लक्षित वर्गसम्म त्यो पुग्दैन । सरकार पुग्दैन । सरोकारवाला पुग्दैनन् । मिडिया पुग्दैन । विशेषगरी घरायसी काममा संलग्न महिला दैनिकरूपमा गुइँठाले खाना बनाइरहेका छन् ।

जलवायु परिर्वतनका विषय गर्दा गुइँठाको असर महिलाले धेरै खेप्नुपरेको छ । त्यो कसले बुझिदिने ? ग्रामीण भेगका वर्गको दयनीय अवस्था कसले हेरिदिने ?

दाइजो प्रथाको अवस्था यस क्षेत्रमा विद्यमान छ । जबसम्म हामीले आफ्नै घरमा छोराछोरीमा विभेद गरिन्छ, तबसम्म यस्ता कुप्रथाले निरन्तरता पाउँछन् । शिक्षा, रोजगारीमा विभेद छ । शिक्षाको मूल जरोमा महिलालाई प्रोत्साहन गरिँदैन । समाजमा समानता विस्तार भएमा यस क्षेत्रको चरम समस्याका रूपमा रहेको दाइजो प्रथाका समस्या घट्दै जान्छ । संविधानले राज्यका सबै निकायमा समानुपातिक समावेशीको सिद्धान्त अवलम्बन गरेको छ तर कार्यान्वयनको अवस्था भने फरक छ । समानुपातिक र प्रत्यक्ष सांसदलाई हेर्ने दृष्टिकोण फरक छ ।

# सिद्धान्त र कार्यक्रममा केन्द्रित हुन गठबन्धनलाई सुझाव

**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको सरकारलाई समर्थन गर्दै वामपन्थी पार्टीहरूको अगुवाइमा नयाँ सत्ता गठबन्धन बनेपछि राजनीतिक वृत्तमा बेग्लै भाव–सञ्चार भएको छ । तत्कालीन सत्ता गठबन्धनमा रहेका दलबाट एकले अर्कोलाई ‘धोका दिएको’ प्रतिक्रिया सार्वजनिक भइरहँदा वामपन्थी बुद्धिजीवी एवं विश्लेषकहरूले मिलेर काम गर्न सकेमा नयाँ गठबन्धन मुलुक र जनताका लागि सकारात्मक हुने टिप्पणी गरेका छन् ।

जनताका जल्दाबल्दा समस्याको सम्बोधन, सुशासन, विकास र समृद्धि प्राप्तिका लागि सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको मर्म र भावनालाई आत्मसात् गरी वैचारिक र कार्यक्रमिक सहयात्राका लागि गृहकार्य गरिएमा ऊर्जायुक्त गठनबन्धन सावित हुने उनीहरूको भनाइ छ । ती लक्ष्यमा नभई केवल पदीय भागबण्डाको स्वार्थमा ध्यान दिइए जनतामा पुनः निराशा पैदा गर्न सक्ने भएकाले संविधानको प्रस्तावनामा रहेको समाजवदोन्मुख कार्यदिशाका लागि गृहकार्य गरी दिगो र प्रभावकारीरूपमा अघि बढ्न उनीहरूको सुझाव छ ।

यही फागुन २१ गते नेपाली कांग्रेससँगको गठबन्धन तोडेर नेकपा (माओवादी केन्द्र)का अध्यक्ष प्रधानमन्त्री दाहाल नेतृत्वको सरकारमा नेकपा (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)र जनता समाजवादी पार्टीले नयाँ गठबन्धन गरी तीन नयाँ मन्त्रीसहितको सरकारका गठन भएको हो । ती दलले सरकार विस्तार तथा साझा न्यूनतम कार्यक्रमका लागि आपसी गृहकार्य र अन्य दलसँग पनि संवाद अगाडि बढाएका छन् ।

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा)मा आएको विभाजनसँगै गत निर्वाचनमा गठबन्धन गरेको कांग्रेस, नेकपा (माओवादी केन्द्र)सहितका दलहरूको सहयात्रा निर्वाचनपछि टुटेको थियो । सुशासन, सामाजिक न्याय र समृद्धिको मार्गचित्रका आधारमा २०७९ पुस १० गते एमाले, रास्वपा सहितका समर्थनमा दाहाल प्रधामन्त्रीमा नियुक्त भएका थिए । राष्ट्रपतिको निर्वाचनसम्म आइपुग्दा कांग्रेस पुनः सरकारमा र एमाले सत्ताबाहिर हुन पुगेपछि निर्वाचनका समयकै गठबन्धन लामो समय जाने अनुमान गरिएको थियो । राजनीतिक उतारचढावका बीच यही फागुन २१ गते ‘पुस १०’ को घटनाक्रम दोहोरिएर एमाले, माओवादी केन्द्रको अगुवाइमा नयाँ सत्ता गठबन्धन बनेको छ । आन्तरिक र बाह्य कारण जे भए पनि यो घटना एकाएकजस्तै विकसित भएको छ । यो घटनाले २०७४ सालको निर्वाचनमा एमाले र माओवादी केन्द्र तालमेल गरी विजय हासिल गरी करिब दुईतिहाइको समर्थनमा सरकार बनाउन समर्थ हुँदाको समये झैँ स्मरण ती दलका कार्यकर्तामा हुन पुगेको छ । दुई ठूला कम्युनिष्ट पार्टीको सम्मिलनमा भएको गठबन्धनलाई ‘सजातीय’ गठबन्धनको पनि सङ्ज्ञा दिइएको छ ।

अध्यक्ष ओली र दाहालको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नाममा एकै पार्टी भएर सरकार र पार्टी चलाउँदाका आन्तरिक विवाद मिलाउन नसक्दा दुईपटक संसद् विघटन (२०७७ पुस ५ र २०७८ जेठ ८) सम्मको घटना हुनु, अध्यक्ष ओली तथा अध्यक्ष दाहाल, नेता एवं पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल, झलनाथ खनाल र वामदेव गौतमबीच बेमेल बढ्नुले पार्टी विभाजन भएको बताइएको छ । विगतमा पनि

एकता–विभाजन–एकताको अनुभव बोकेका कम्युनिष्ट पार्टीहरू ती गल्तीबाट माथि उठेर अब पुनः नयाँ शिराबाट सहयात्रामा अग्रसर भएका हुन–होइनन् ? अहिले नै ठोकुवा गर्ने आधार त छैन र तर नेताहरूले चाहेमा त्यो असम्भव नदेखिएको टिप्पणी गरिएको छ । नयाँ गठबन्धन भएकै दिन प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष दाहालले वामपन्थी दलहरुबीच पुनः सहायात्रा र एकताको लक्ष्यसहित आफूहरू अघि बढेको सार्वजनिक अभिव्यक्ति दिनुबाट लामो यात्राकै सङ्केत बुझ्न सकिन्छ ।

वामपन्थी बुद्धिजीवी श्याम श्रेष्ठले सिद्धान्त, विचार र कार्यक्रमका आधारमा सहयात्रा गर्न कार्यदलस्तरमा तयारी गरेर लिखित दस्तावेजका साथ आएमा यो गठबन्धन दिगो बन्ने जनाउँदै कांग्रेस र माओवादी केन्द्रको तुलनामा एमाले र माओवादी केन्द्रको सहयात्रा सहज हुने बताए । ‘तर फागुन २१ गतेको चार दलका शीर्षनेताहरूको सहमतिपत्रमा रुपान्तरणकारी कार्यक्रम देखिएको छैन । सैद्धान्तिक र वैचारिकरूपमा सवल र एकीकृत भएर देश र जनताका समस्या सम्बोधन गर्ने हो भने त्यस लयमा जानुपर्छ । नत्र केवल मन्त्रालयको भागबण्डामा सीमित भएको देखिन्छ र भागबण्डा नमिल्दा गठबन्धन टुट्न पनि सक्छ’, रासससँग कुरा गर्दै नागरिक अभियन्ता श्रेष्ठले भने, ‘टाउको (विचार) नमिलाई टुपीमात्रै बाँधेर लामो सहयात्रा हुँदैन । शरीर (सङ्गठन) र खुट्टा (हिँड्ने बाटो) पनि मिलाउनुपर्छ । त्यसो भएमा यसलाई सानातिना हुरीले ढाल्न सक्दैन ।’

नेपाल बुद्धिजीवी परिषद्का अध्यक्ष प्रा डा दिनेशचन्द्र देवकोटाले विकसित राजनीतिक घटनाक्रम ‘पुस १०’ कै निरन्तरताअन्तर्गत विकसित भएकाले यसले वाम, लोकतान्त्रिक र रुपान्तरणकारी शक्तिलाई सहयात्रामा ल्याएको टिप्पणी गरे । राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा देवकोटाले राष्ट्रियता, विकास र समृद्धिका आधारमा यो गठबन्धन आवश्यक भएकाले यसप्रति सकारात्मक हुन सकिने बताए ।

वाम विश्लेषक एवं स्तम्भकार झलक सुवेदीले प्रधानमन्त्री दाहाल र एमालेका अध्यक्ष ओलीले विगतका ‘इगो’लाई भुलेर नयाँ गठबन्धन टिकाउन सकेमा यसले सकारात्मक ‘भाइब्स’ निर्माण गर्ने बताए । ‘आगामी २०८४ सालमा हुने निर्वाचनमा वाम गठबन्धन या पार्टी एकताका माध्यमबाट जान सकिने गरी लागेमा यो गठबन्धनको लाभ एमाले–माओवादी केन्द्र दुवैले लिन सक्छन् । देश र जनताका लागि पनि सकारात्मक नै हुनेछ’ उनको भनाइ छ । प्रधानमन्त्री दाहाल, नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीसहितका शीर्षनेताहरूले नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाललाई मङ्गलबार साँझ भेटवार्ता गरी सरकारमा सामेल हुन आग्रह गर्नुले वामपन्थी दलहरूबीच टुटेको लय फेरि मिलाउन भने खोजेको देखिएको छ ।

## अन्तर्वार्ता

# ‘पछिल्लो राजनीतिक घटनाक्रम विशुद्ध आन्तरिक हो’

**रासस**
**काठमाडौँ ।**
*पछिल्लो राजनीतिक समीकरण बनेसँगै राजनीतिक वृत्तमा विभिन्न प्रकारका प्रतिक्रिया सार्वजनिक हुँदै आएका छन् । सरकारको समीकरण बदलिएसँगै पछिल्लो राजनीतिक अवस्थाबारे नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उपाध्यक्ष एवं पूर्वमन्त्री पम्फा भुसालसँग राष्ट्रिय समाचार समिति (रासस) ले गरेको संक्षिप्त कुराकानीको सम्पादित अंशः*



**समीकरण परिवर्तनको विषयलाई लिएर विभिन्न टीकाटिप्पणी गरिएका छन्, पछिल्लो घटनाक्रमलाई कसरी लिनुभएको छ ?**
– पछिल्लो सत्ता समीकरण हाम्रो देशको नितान्त आन्तरिक विषय हो । यसमा कुनै बाह्य शक्तिको भूमिका छ भन्ने कुरा सोच्न पनि सकिन्न । सरकारभित्र आबद्ध भएका दलको कामको अप्ठ्यारोलाई ध्यानमा राखेर विकसित भएको घटना हो यो । नेपालमा हुने हरेक राजनीतिक घटनामा विदेशीलाई जोड्ने गरिन्छ, त्यो गलत हो । पछिल्लो राजनीतिक घटनाक्रम विशुद्ध आन्तरिक उपक्रम हो । यो नयाँ गठबन्धनले छिमेकी मित्रराष्ट्र तथा विश्व समुदायसँग अझै घनिष्ठ सम्बन्ध कायम गरी आफ्नो कामकारबाही अगाडि बढाउँछ । मित्रराष्ट्रसँगको सम्बन्ध अत्यन्त सुदृढ भएर जानेछ ।

**छिटोछिटो समीकरण परिवर्तन रहँदा राजनीतिक अस्थिरता बढ्यो भन्ने टिप्पणी हुँदै आएको छ नि ?**
– तत्कालका लागि केन्द्र र प्रदेशका सरकारमा केही फेरबदल हुँदा त्यस्तो देखिएला तर दीर्घकालमा यो एक प्रकारको सकारात्मक राजनीतिक ध्रुवीकरण हो ।

यसले राजनीतिमा दिगोपना ल्याउँछ । विगतमा भएको वाम ध्रुवीकरणलाई टिकाउन नसकिएको अवस्थालाई आत्मसात् गरी आत्मसमीक्षा र कमीकमजोरी सुधार गर्दै यो ध्रुवीकरण अगाडि बढ्छ र राजनीतिक स्थायित्वको दिशामा मुलुकलाई लैजान्छ । यो देशमा वाम धार बलियो भयो भने राजनीतिक स्थायित्व हुन्छ । त्यसैले तत्काल अस्थिरजस्तो देखिए पनि दीर्घकालमा यसले राजनीतिक स्थायित्व कायम गर्छ । पछिल्लो राजनीतिक समीकरण यो देशको लागि र राजनीतिक स्थिरताका लागि महत्वपूर्ण कदम हुनेछ ।

**सत्ता समीकरणमा आएको बदलावबाट सङ्क्रमणकालीन न्यायका बाँकी कार्य पूरा गर्न अप्ठ्यारो पर्ने आशङ्का गर्न थालिएको छ, त्यस्तै हुने त होइन ?**
–शान्ति प्रक्रिया सबै राजनीतिक दल तथा मुलुककै साझा चासो, चिन्ता र सरोकारको विषय हो । त्यसैले शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न सबै पक्ष प्रतिबद्ध हुनुपर्छ । पुरानो गठनबन्धनमा शान्ति प्रक्रियालाई चाँडै तार्किक निष्कर्षमा पुर्याउने सहमति भएको थियो ।

हिजोको प्रमुख प्रतिपक्ष सत्तामा आउँदै गर्दा त्यसले अझै सहयोग पुग्छ भन्ने मलाई लाग्छ । यो राजनीतिक घटनाक्रमले शान्ति प्रक्रियालाई टुङ्ग्याउन मद्दत गर्नेछ तर कतिपयलाई वाम गठबन्धन मन नपरेर यसलाई भत्काउने कोसिस पनि हुन सक्छ । हाम्रा राजनीतिक दल तथा शीर्ष नेतृत्व आफैमा बढो परिपक्क छन्, जिम्मेवार छन् ।

विगतमा मौलिक ढङ्गले शान्ति प्रक्रियाका महत्वपूर्ण प्रक्रिया सम्पन्न हुँदै आएका हुन् । अब यसका बाँकी कार्यभार पनि सत्तापक्ष र प्रतिपक्ष मिलेरै पूरा गर्नेछन् । नेपालमा सधैँका निम्ति शान्ति सुनिश्चित गर्दै त्यसलाई दिगो बनाउने र त्यसैको जगबाट लोकतन्त्रलाई सुदृढ बनाउँदै समाजवादतर्फ जान सबै दल जिम्मेवारीपूर्वक लाग्नेछन्, लाग्नुपर्छ ।

**मुलुकलाई राजनीतिरुपमा स्थायित्व दिन माओवादीले भूमिका खेल्न सकेन भन्ने टिप्पणीलाई कसरी हेर्नुहुन्छ ?**
–गतिशीलता र अस्थिरतालाई मानिसले छुट्याउन नसकेर यसो भनिएको हो । माओवादी नै नेपालको सबैभन्दा गतिशील पार्टी हो । यही पार्टीको गतिशीलताले देशमा हालसम्मका ठूला–ठूला परिवर्तन भएका छन् । गणतन्त्र स्थापना भएको छ । राजनीतिक धार अग्रगतिमा बढेको छ । दिगो बनाउन माओवादीले निरन्तर नेतृत्वदायी भूमिका खेलेको छ । गतिशीलतालाई अस्थितरता देख्नु भ्रम हो ।

# ‘एक वर्षमा ऊर्जा क्षेत्रमा गुणात्मक प्रगति’




**रासस**
**काठमाडौँ ।**
मुलुकको ऊर्जा क्षेत्रको समग्र विकासका लागि पछिल्लो एक वर्षमा उल्लेख्य प्रगति भएको छ । नेपाल र भारतबीच दीर्घकालीन विद्युत् व्यापार सम्झौता, रोकिएका आयोजनालाई गति दिने तथा नयाँ आयोजनाको सुरुवातलगायतका विषयमा भएका प्रगति उल्लेख्य छन् ।
ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयमा निर्वतमान ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतको बिदाइका लागि आयोजित कार्यक्रममा मन्त्रालयका सम्वद्ध अधिकारीले एक वर्षमा उल्लेख्य प्रगति भएको बताए । राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको बुढीगण्डकी जलविद्युत् आयोजना, माथिल्लो अरुण, दुधकोशी जस्ता आयोजना निर्माण शुरु गर्ने तयारी छ । यस्तै, रानीजमरा कुलरिया सिँचाइ आयोजना निर्माणको अन्तिम चरणमा पुगेको छ । लामो समयसम्म समस्यामा रहेका विद्युत् प्रसारण लाइन समेत निर्माण सम्पन्न भएका छन् । ठूला क्षमताका सवस्टेशनहरु पनि निर्माण सम्पन्न भएका छन् । विद्युत् विधेयक सङ्घीय संसद्मा पेश भएको छ । मन्त्रालय सम्वद्ध अन्य विधेयकहरु प्रक्रियामा अगाडि बढेका छन् । कानुनी एवम् संरचनागत सुधारमा विशेष ध्यान दिइएको भन्दै ऊर्जा सचिव गोपालप्रसाद सिग्देलले एक वर्षमा उल्लेख्य प्रगति भएको बताए ।
कार्यप्रगतिका हिसाबले पनि यो अवधिमा उल्लेख्य काम भएको जानकारी दिँदै उनले तोकिएका लक्ष्य प्राप्तिमा समेत मन्त्रालय अब्बल रहेको बताए । जलस्रोत तथा सिँचाइ सचिव सुशीलचन्द्र तिवारीले समीक्षा अवधिमा मुलुकको जलस्रोत तथा सिँचाइको क्षेत्रमा परिणाम देखिने गरी काम भएको बताए । जल तथा ऊर्जा आयोगका सचिव सरिता दुवाडीले आयोगलाई गतिशिल बनाउनका लागि यस अवधिमा परिणाममुखी र सार्थक काम अगाडि बढेको बताइन् । निर्वतमान ऊर्जामन्त्री बस्नेतले आफू गैरप्राविधिक मन्त्री भएपनि ऊर्जा, जलस्रोतको क्षेत्रमा सामूहिक रुपमा कार्यसम्पादन गर्ने प्रयत्न गरेको बताए । उनले मुलुकको समग्र ऊर्जा क्षेत्रको प्रगतिका लागि यस अवधिमा भएका कामलाई थप गति दिन अझै मेहनतको जरुरी रहेको बताए ।
‘केही रणनीतिक महत्वका कामहरु यसबीचमा भएका छन् । त्यसले देश र जनताको हितमा काम गर्नेछ । हामीले यसबाट सार्थक परिणाम प्राप्त गर्नेछौँ’ उनले भने । उनले यस अवधिमा मन्त्रालयको समग्र टोलीबाट आफूले सार्थक सहयोग पाएको बताए । उनले नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको सरकारमा गत चैतमा ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रीको रुपमा कार्यभार सम्हालेका थिए ।

# नेप्से परिसूचक बढ्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको वृद्धि देखिएको छ । सोमबार सकारात्मक सर्किट र मङ्गलबार उच्च अङ्कको गिरावटपछि बुधबार बजार सम्हालिएको हो । परिसूचक नौ दशमलव ३३ अङ्कले बढेर दुई हजार १७ दशमलव ०३ अङ्कमा पुगेको छ । बुधबार विभिन्न तीन सय आठ कम्पनीका ९१ लाख ३८ हजार एक सय ५४ कित्ता शेयर ५८ हजार नौ सय ४० पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ४५ करोड आठ लाख ३८ हजार तीन सय ५७ को कारोबार भएको छ ।
बधबारको कारोबारमा बैंकिङ, जीवन बीमा र म्यूचुअल फण्डबाहेकको समूहको उपसूचक बढेको छ । डोल्टी पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने स्वरोगजार लघुवित्त वित्त विकास बैंकको आठ दशमलव ७०, जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनीको आठ दशमलव ६७, गुर्खाज फाइनान्सको आठ दशमलव ०९ र सीवाईसी नेपाल लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य आठ प्रतिशतले बढेको छ । धेरै गुमाउनेमा मोलुङ हाइड्रोपावर कम्पनी नौ दशमलव ७१ र ग्लोबल आईएमई ब्यालेन्स फण्ड–१ को शेयर मूल्य पाँच दशमलव ५४ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सोनापुर मिनरल्स एण्ड आयल लिमिटेडको ३३ करोड ३७ लाख ७८ हजार आठ सय सात रुपैयाँ बराबरको छ लाख ५७ हजार सात सय ३९ कित्ता शेयर कारोबार भएको छ ।

# नापतौलमा ठगी गर्ने चार हजार बढी व्यवसायी कारबाहीमा



**रासस**
**काठमाडौँ ।**
नेपाल गुणस्तर तथा नापतौल कार्यालय काठमाडौँले नापतौल यन्त्र प्रयोग गरी ठगी गर्ने तथा समयमा नापतौल यन्त्रको नवीकरण नगर्ने चार हजार सात सय ४१ व्यापारीलाई कारबाही गरेको छ । कार्यालयले चालू आर्थिक वर्षको छ महिनामा नापतौलमार्फत उपभोक्तालाई ठगी गर्ने तथा समयमा यन्त्रको नवीकरण नगर्ने व्यापारीलाई कारबाही तथा जरिवाना गरेको हो ।
कार्यालयका प्रमुख राकेशकुमार झाले अनियमित नापतौल तथा नाप्ने तौलने यन्त्रको प्रयोग गरेर आम उपभोक्ता ठगी गर्ने क्रम बढेकाले कार्यालयले विशेष निगरानी बढाएको बताए । ‘अनुगमनका क्रममा कतिपय व्यापारीले यन्त्रको दर्ता नगराएको र दर्ता गरेका व्यापारीले पनि नवीकरण नगरेको भेटिएको छ, त्यस्तालाई हामीले कारबाहीको दायरामा ल्याएका छौँ,’ उनले भने । कार्यालयले पछिल्लो समय व्यापारीको सहजताका लागि ‘डोर टू डोर’ अभियानसमेत सञ्चालन गरिरहेको छ ।
‘डोर टू डोर’ अभियानअन्तर्गत कार्यालयले नयाँ व्यापारीलाई अनुमति प्रदान गर्ने, अनियमित गर्नेलाई कारबाही गर्ने, जाँच नवीकरण गर्नेलगायत काम गर्दै आएको कार्यालय प्रमुख झाले बताए ।
कार्यालयले साउनदेखि पुस मसान्तसम्म एक हजार तीन सय ८२ व्यापारीलाई नापतौल तथा नाप्ने तौलने यन्त्र प्रयोग गर्न अनुमति प्रदान गरेको छ । यसैगरी, चार हजार ३३ नापतौल तथा नाप्ने तौलने यन्त्रको जाँच, एक सय दुई पेट्रोल पम्प जाँच र दुई हजार ६ सय १८ ट्याक्सी मिटर जाँच गरेको जनाएको छ ।
सीमित स्रोत र साधनबीच बजार अनुगमनलाई तीव्रता दिएको कार्यालयले नापतौलसम्बन्धी उपभोक्ता हक, हित संरक्षणका लागि ८० पटक एकल अनुगमन र ५२ पटक संयुक्तरुपमा बजार अनुगमन गरेको छ । कार्यालय प्रमुख झाले जानीजानी सेवाग्राहीलाई ठगी गर्ने क्रम बढेकाले नापतौल कार्यालयले कारबाहीलाई प्राथमिकता दिएको बताए । ‘नियतवश आम उपभोक्तालाई ठगी गर्ने जोकोहीलाई कारबाहीको दायरामा ल्याउँछौँ’ उनले भने । कार्यालयले चालु आवको छ महिनामा ९२ लाख ९८ हजार पाँच सय ९२ रुपैयाँ राजस्व सङ्कलन गरेको छ । कार्यालयले हाल काठमाडौँ, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, धादिङ, नुवाकोट र रसुवा गरी नौ जिल्लामा नापतौलको अनुमति प्रदान, नवीकरण, अनुगमन र गल्ती गर्नेलाई कारबाही गर्दै आएको छ ।

# करिब एक लाख अफगानी आप्रवासी स्वदेश फिर्ता



**एएनआई**
**काबुल ।**
इरान, पाकिस्तान र टर्कीबाट एक महिनामा करिब एक लाख आप्रवासी त्यहाँ बस्ने विकल्पहरू नहुँदा अफगानिस्तान फर्केका छन् । तालिबान नेतृत्वको शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयले विदेशबाट फर्केका नागरिकको संख्या पुष्टि गर्दै सबैलाई पुनः स्थापनाका लागि सरकारले सहयोग गरेको जनाएको छ । जनवरी महिनामा पाकिस्तान, इरान र टर्कीबाट ९६ हजार ४९० अफगानी आप्रवासी स्वदेश फिर्ता भएका छन् । उनीहरूको व्यवस्थापनका लागि हामीसँग समितिहरू छन् । सीमामा उनीहरूलाई यात्रा भत्ता, खाना र गैर–खाद्य सहायता र जाडोका लुगाहरू दिई उनीहरूको गाउँ तथा शहरहरूमा जाने व्यवस्था गर्ने गरी क्षेत्रीय प्रशासनलाई जिम्मा लगाइने गरेको छ । ‘प्रत्येक परिवारलाई १० हजार नगद सहयोग प्रदान गरिएको छ’ शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयका उपमन्त्री अब्दुल रहमान रसिदले भने । साथै, स्वदेश फर्केका केही आप्रवासीले तालिबान सरकारसँग उनीहरूलाई रोजगारीको अवसर उपलब्ध गराउन अनुरोध गरिरहेका छन् । पायिन्दाले पाकिस्तानबाट आफ्नो सात सदस्यीय परिवारसँग स्वदेश फर्केपछि आप्रवासनका चुनौतीहरूबारे पायिन्दा थर बताउने अफगान नागरिकले भने, ‘तिनीहरूले हाम्रो पैसा लुट्थे । हामी हामी अफगानिस्तानबाट पाकिस्तान पुगेका थियौँ त्यसैले स्वतन्त्र रूपमा यात्रा गर्न वा स्वास्थ्य परीक्षणका लागि राम्रो चिकित्सकलाई भेट्न असमर्थ थियौं । हालैका वर्षहरूमा शत्रुताका कारण लाखौं मानिसहरू देश (अफगानिस्तान) छोड्न बाध्य भएका छन् ।’
विदेश रहँदाको अनुभव सुनाउँदै हालै इरानबाट स्वदेश फर्किएका नाजानिनले भने, ‘उनीहरूले पहिले मेरा श्रीमान्लाई लगे । पछि उहाँले फोन गरेर आफूलाई इरानी जेलमा राखिएको बताउनुभयो । चार दिनपछि म उहाँलाई भेट्न गएँ । इरानी प्रशासनले हामीलाई देश छोड्न चेतावनी दिएको रहेछ । श्रीमान्ले हामीलाई तीन दिनको समय दिनुहोस्, हामी यहाँबाट जान्छौं भन्नुभयो र स्वदेश फर्कियौँ ।’ उनले थपे, ‘तीन दिनपछि हामी स्वदेश फर्किएका छौँ । तर, यहाँ हाम्रो बास र खाने प्रबन्ध मिलाउन कठिन भइरहेको छ किनकि दुव्यवहार हुनसक्ने डरमा हामी आफ्नो जन्मस्थान पुग्न सकेका छैनौँ ।’
‘सरकारले रोजगारीको अवसर प्रदान गर्नुपर्छ ताकि कोही पनि फेरि इरान फर्कन नपरोस् र हामी सबैले आफ्नो मातृभूमिमा आफ्नो प्रगति गर्न सकौँ’ सोही समूहमा इरानबाट स्वदेश फिर्ता भएका खैरुदिनले टोलोन्यूजलाई बताए । विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले पाकिस्तानबाट जबर्जस्ती देश निकाला गरिएका अफगानी आप्रवासीहरूको दुर्दशाको बारेमा चिन्ता व्यक्त गरेको छ । उनीहरू अहिले केवल बाँच्नको लागि पैसा सापटी लिने र उधारोमा सामान किन्ने गरिरहेका छन् ।
विकराल अवस्थालाई उजागर गर्दै डब्लुएफपीले अफगानी आप्रवासीहरू कुनै पनि सुविधा वा सहयोगबाट बञ्चित भएर बाँच्नका लागि ऋण लिनैपर्ने अवस्था रहेको सङ्गठनको वेबसाइटले देश निकाला गरिएका अधिकांश आप्रवासीहरू हाल अन्यौलको अवस्थामा रहेको कुरालाई जोड दिएको छ । विश्व खाद्य कार्यक्रमले खाद्य सहायताको लागि एक महत्वपूर्ण आवश्यकतामाथि जोड दिँदै केही फर्केका आप्रवासीहरू अझै पनि भोकमरीसँग जुधिरहेका बताएको छ । अफगानिस्तानमा आप्रबासी समस्या र खाद्य सुरक्षा गम्भीर बनेको डब्ल्यूएफपीले जनाएको छ ।
शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त (यूएनएचसीआर) का अनुसार छिमेकी देशहरूबाट अफगान शरणार्थीहरूको निरन्तर फिर्ती बढ्दो मुद्रास्फीति र शरण दिइएका देशहरूमा रोजगारीका अवसरहरूको अभावसँग सम्बन्धित छ । हाल इरान, टर्की र पाकिस्तानमा करिब ६० लाख अफगानी आप्रवासी रहेको बताइएको छ । सन् २०२१ को अगष्टमा तालिवान सत्तामा फर्किएपछि हजारौं अफगानीहरू उत्पीडन र ज्यान मार्ने धम्कीको डरले अफगानिस्तानबाट भागेर छिमेकी देशहरुमा गएका थिए । यीमध्ये अधिकांश मानिसहरू अवैध च्यानलहरूमार्फत् ती मुलुकहरूमा प्रवेश गरेकोमा अहिले गम्भीर समस्याहरूको सामना गरिरहेका छन् ।

# सुडानमा भोकमरीको खतरनाक जोखिमः डब्ल्यूएफपी



**एएफपी**
**पोर्ट सुडान ।**
सुडानमा प्रतिद्वन्द्वी जनरलहरूबीच करिब ११ महिनादेखि जारी युद्धले ‘विश्वको सबैभन्दा ठूलो भोकमरी सङ्कट निम्त्याउने खतरा’ रहेको संयुक्त राष्ट्रसङ्घको विश्व खाद्य कार्यक्रम (डब्ल्यूएफपी ) ले बुधबार चेतावनी दिएको छ । सेना प्रमुख अब्देल फतह अल बुरहान र उनका पूर्व डेपुटी मोहम्मद हमदान डग्लोबीच भएको युद्धमा दशौं हजारको मृत्यु भएको छ, सुडानको पूर्वाधार र अर्थतन्त्र ध्वस्त भएको छ ।
यसले ८० लाखभन्दा बढी मानिसहरूलाई विस्थापित गरेको छ । यसबाहेक, द्वन्द्वअघि नै आफ्नो घरबाट विस्थापित भएका २० लाखभन्दा बढी नागरिकका कारण सुडानमा विश्वको सबैभन्दा ठूलो विस्थापन सङ्कट निम्त्याएको छ ।
डब्लुएफपीका कार्यकारी निर्देशक सिन्डी म्याक्केनले भने, ‘अहिले लाखौं मानिसको जीवन र सम्पूर्ण क्षेत्रको शान्ति र स्थिरता खतरामा परेको छ ।’ ‘बीस वर्षअघि डार्फरमा विश्वको सबैभन्दा ठूलो भोकमरीको सङ्कट थियो र विश्वले यसको प्रतिकार गर्न एकजुट भएको थियो’ सुडानको विशाल पश्चिमी क्षेत्रतर्फको विस्थापितहरूको अवस्था सङ्केत गर्दै उनले भने । तर, पूरानो घाउ आज सुडानका जनताले बिर्सिएका छन् ।
सन् २००० को दशकको सुरुमा डार्फरमा जातीय अल्पसंख्यक विद्रोहीविरुद्ध पूर्व तानाशाह ओमार अल–बशीरले प्रयोग गरेको जन्जाविद मिलिशियाबाट आरएसएफ आएको हो । वर्तमान युद्धमा आरएसएफ र सेना दुवैलाई आवासीय क्षेत्रमा अन्धाधुन्ध गोलाबारी गरेको, सर्वसाधारणलाई निशाना बनाएको र अत्यावश्यक सहायतामा अवरोध पु¥याएको आरोप लगाइएको छ । डब्ल्यूएफपीले हाल ‘भोकमरीको आपतकालीन स्तर’ सामना गरिरहेका ९० प्रतिशत मानिसहरूसम्म पुग्न असमर्थ रहेको र सुडानको जनसंख्याको पाँच प्रतिशतले मात्र ‘दिनको एक छाक खाना किन्न सक्ने’ बताएको छ ।
‘सुडानबाट छ लाख मानिस भागेको दक्षिण सुडानको भीडभाड युक्त ट्रान्जिट क्याम्पमा मानिसहरू भोकभोकै आउँछन् र उनीहरूलाई थप भोकमरीको सामना गर्नुपर्ने हुन्छ’ डब्ल्यूएफपीले जानकारी गराएको छ ।
डब्ल्यूएफपीका अनुसार सीमा पार गर्ने पाँचमध्ये एक बालबालिका कुपोषित रहेको बताइएको छ ।
सुडानमा एक करोड ८० लाख मानिसले तीव्र खाद्य सुरक्षाको सामना गरिरहेका छन्, जसमध्ये ५० लाख मानिस भोकमरीको भयावह स्तरमा छन् ।

# पीएसजी र बायर्न च्याम्पियन्स लिगको क्वार्टरफाइनलमा



**मधेशदृष्टि**
**वीरगंज ।**
फ्रान्सेली क्लब पेरिस सेन्ट जर्मेइन (पीएसजी) र बार्यन च्याम्पियन्स लिग फुटबलको क्वाटरफाइनलमा पुगेका छन् । पीएसजीले रियल सोसिडाडलाई अन्तिम १६ को दोस्रो लेगमा २–१ गोलले हरायो । पीएजीका लागि दुवै गोल केलियन एम्बाप्पेले गरे । रियल सोसिडाडका मिकेल मेरिनोले एक गोल फर्काए । पीएसजी समग्रमा ४–१ गोलको अग्रतासहित अन्तिम ८ मा पुगेको हो ।अर्को खेलमा ह्यारी केनले दुई गोल गरेपछि बायर्न म्युनिख लाजियोलाई हराउँदै लिगको क्वाटरफाइनल पुगेको छ । बार्यनले दोस्रो लेगमा लाजियोलाई ३–० गोलले हरायो । उसका थोमस मुलरले एक गोल गरे । पहिलो लेगमा लाजियो एक गोलले विजयी भएको थियो । तर समग्रमा ३–१ को अग्रतासहित बायर्न अन्तिम ८ मा पुगेको हो ।

# पर्यटकको आकर्षणमा सङ्ग्रहालय

**रासस**
**म्याग्दी ।**
अन्नपूर्ण गाउँपालिका–८ मा अवस्थित धार्मिक पर्यटकीयस्थल करबाकेलीमा सञ्चालनमा आएको सङ्ग्रहालय पर्यटकको आकर्षणको केन्द्र बनेको छ । करबाकेली ‘ट्र्याक’ हुँदै भ्रमणमा आउने पर्यटकका लागि प्राकृतिक सौन्दर्यसँगै ‘पुन समुदायको सङ्ग्रहालय’मुख्य आकर्षणको केन्द्र बनेको हो । करबाकेली बाबा संरक्षण समितिको अगुवाइमा निर्माण गरिएको पहिचान झल्काउने सङ्ग्रहालयमा दैनिकरुपमा भ्रमणमा आउने पर्यटकले रुचिका साथ अवलोकन गर्ने गरेको करबाकेलीथान संरक्षण समितिका सचिव रवि गर्वुजाले बताए । ‘धौलागिरि र अन्नपूर्ण हिमशृङ्खलाका दर्जन बढी हिमाललाई एकै ठाउँबाट अवलोकन गर्न पाउने यहाँको प्रमुख विशेषता हो, सङ्ग्रहालय सञ्चालनमा आएपछि पर्यटकका लागि थप आकर्षण बनेको छ’, उनले भने । मौलिकता झल्कने गरी करिब ८५ लाख रुपैयाँमा निर्माण भएको यो सङ्ग्रहालय बनाउन गाउँपालिकाले सात लाख र प्रदेश सरकारले पाँच लाख रुपैयाँ बजेट उपलब्ध गराए पनि अन्य सबै बजेट सहयोगमार्फत जुटाइएको थियो । दुईतला भएको सङ्ग्रहालयमा समुदायका कला, संस्कृति, परम्परा, रहनसहन, जीवनशैलि, पहिचान झल्कने सामग्री सङ्कलन गरेर राखिएका छन् । यहाँ आउने सबै पर्यटकले सङ्ग्रहालयमा राखिएका सामानलाई रुचिका साथ अवलोकन गर्ने गरेको करबाकेलीथानका कर्मचारी चन्द्रबहादुर पुनले बताए । उनका अनुसार यस सङ्ग्रहालयमा पर्यटकका लागि एक सय ५० र स्थानीयका लागि ५० रुपैयाँ प्रवेश शुल्क लिने गरिएको छ । विद्यार्थी, बालबालिका, वृद्धवृद्धा र पत्रकारका लागि भने निःशुल्क अवलोकन गर्न पाउने व्यवस्था गरिएको छ । सङ्ग्रहालयमा राखिएका परम्परागत पानी घट्ट, कोल, डोको, ढिक्की, जाँतो, मौलिक पहिचान झल्कने पोसाक, हातहतियार, भाँडा, गहनालगायत सामग्रीले पर्यटक आकर्षित हुने गरेका छन् । सङ्ग्रहालयमा राखिएका सामग्रीले परम्परागत समाजको मौलिक कला, संस्कृति, परम्परा, रहनसहन र जनजीवनको झल्को दिने तथा अध्ययनस्थलका रुपमा लिन सकिने बेनीबाट पहिलो पटक करबाकेली पुग्नुभएका रमेश शर्माले बताए । ढुङ्गा, माटो, चुन, सिमेन्ट, बालुवा र काठ प्रयोग गरेर मौलिकता झल्कने आकर्षक दुईतले सङ्ग्रहालय भवन निर्माण भएको छ । करबाकेलीथान परिसरमा निर्माण भएको सङ्ग्रहालयले परम्परागत र हराएर जाने अवस्थामा पुगेका सामग्रीको संरक्षणमा सहयोग पुगेको अन्नपूर्ण–८ का वडाध्यक्ष खमबहादुर गर्बुजाले बताए ।

# महायज्ञमा प्रकृति मन्थन

**रासस**
**गण्डकी ।**
प्राकृतिक स्रोतमाथि भइरहेको अनुचित दोहनप्रति विज्ञहरुले चिन्ता व्यक्त गरेका छन् । जल, जमिन र जङ्गलबिना प्राणी जगतको अस्तित्व नरहने भन्दै उनीहरुले चराचर जगतको अस्तित्वका लागि वातावरण र जल संरक्षणमा जोड दिएका हुन् । बागलुङको सर्वसिद्धिधाम पञ्चकोटमा आयोजित ‘अनन्तीश्री विश्वब्रह्माण्डीय महायज्ञ’अन्तर्गत ‘प्राकृतिक स्रोत र वातावरण’ विषयक राष्ट्रिय बहस कार्यक्रममा पञ्चकोटका परिकल्पनाकार एवम् महायज्ञका सङ्कल्पकर्ता मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्यले पानी नै सभ्यता, संस्कृति र जीवन हो भने । ‘अबको विश्वले पानीको सङ्कटसँग जुध्नुपर्छ, विश्वयुद्ध भयो भनेपनि पानीकै कारणले हुन्छ, हामी बाँच्नका लागि पनि पानी जोगाऔँ, पानी नै नभएर यो सारा सृष्टिको अस्तित्व कसरी सम्भव होला ?’, उनले भने । स्वामी कमलनयनाचार्यले जल सम्पदाको संरक्षणको सन्देश नेपालजस्तो जलस्रोतको धनी देशले दिनुपर्ने भन्दै यसका लागि अभियान नै सञ्चालन गरिने बताए । अहिल्यैदेखि जल तथा नेपालका प्राकृतिक सम्पदाको संरक्षणमा लाग्न नयाँ पुस्तालाई उनले आह्वान पनि गरे । मानवीय कारणले नै अहिले विश्वमा धेरै सङ्कट देखिएको र जलवायु परिवर्तन यस्तै एउटा नयाँ सङ्कटको स्वरुप रहेकाले यही सङ्कटले विश्वमा निकट भविष्यमै पानीको सङ्कट निम्त्याउन लागेको उनले बताए । स्वामी कमलनयनाचार्यले भने, ‘हाम्रो देवदेश नेपाल जल, जङ्गल र अनेक प्राकृतिक सम्पदाका क्षेत्रमा विश्वमै धनी छ । यही देवभूमिले नै जलसम्पदा संरक्षणको सन्देश विश्वव्यापी रुपमा दिनुपर्नेछ । त्यसैले जल संरक्षणको प्रतीकस्वरुप पञ्चकोटमा निर्माणाधीन विश्वशान्ति गण्डकी कलशको निर्माणलाई पूर्णता दिनु हाम्रो कर्तव्य हुन आउँछ । महायज्ञमा देखिएको अभूतपूर्व उपस्थिति र प्रतिबद्धताले यो अभियानलाई पूर्णता दिने अपेक्षा गर्न सकिन्छ ।’ यही फागुन ९ गतेदेखि सुरु भएको यस महायज्ञमा अर्थतन्त्र, राष्ट्रिय सुरक्षा, न्याय, समावेशी समाज, महिला सशक्तिकरण, जल तथा प्राकृति स्रोत सम्पदाहरुको संरक्षण, पूर्वीय चिकित्सा पद्दति र जनस्वास्थ्य, सुशासन, भाषा साहित्य र संस्कृति संरक्षणलगायतका विषयमा सम्बन्धित विषयका विज्ञहरुको सहभागितामा राष्ट्रिय बहस कार्यक्रम आयोजना गरिएको छ । मङ्गलबारको यस प्रकृति बहसमा जलवायु विज्ञ डा बिमल रेग्मीले प्राकृतिक स्रोतमाथिको मानवीय अतिक्रमणका कारण विश्वले जलवायु सङ्कटको सामना गरिरहेको बताए । ‘प्राकृतिक स्रोत आर्थिक, सामाजिक विकासको मेरुदण्ड हो, तिनको सही सदुपयोग हुनुपर्छ’, उनले भने, ‘धर्म, संस्कृतिका माध्यमबाट पनि समुदायले जमिन, वनजङ्गल र पानीका स्रोतको संरक्षण गरिएको पाइन्छ, यसलाई बढावा दिनुपर्छ ।’ प्रकृतिले दिएका अनेक देन र जैविक विविधिता नै नेपालको मुख्य सम्पत्ति भएको उनको भनाइ छ । प्रकृति र वातावरणका मुद्दा ओझेलमा परेको सुनाउँदै डा रेग्मीले प्राकृतिक स्रोतसाधनको समुचित प्रयोगले मात्र मुलुकले समृद्धि हासिल गर्ने धारणा राखे । ‘तीनै तहका सरकारको यसमा दायित्व छ, प्राकृतिक स्रोतसाधन र सम्पदाको संरक्षणमा सामुदायिक भावनाको विकास गर्न उत्प्रेरकको काम गर्नुपर्छ’, उनले भने । जलवायु न्यायको विषय रहेको भन्दै उनले पर्यावरण संरक्षणमा अन्तर्राष्ट्रिय स्रोत जुटाउन राज्यले पहल लिनुपर्ने बताउनुभयो । विकसित देशका कारण नेपालले जलवायु सङ्कटको सामान गरिरहनुपरेको डा रेग्मीको भनाइ छ । ‘अन्तर्राष्ट्रियस्तरका जलवायु तथा वातावरण कोषमा नेपालले पहुँच पु¥याउनु आवश्यक छ, जलवायुको विषयलाई सरकारले आफ्नो नीति तथा कार्यक्रममा मूल प्रवाहीकरण गर्नुपर्छ’, उनले भने । वन विज्ञान अध्ययन संस्थान पोखराका उपप्राध्यापक एवम् जलाधार विज्ञ राजन सुवेदीले नेपालको प्राचीन सभ्यता खोलानाला र सम्पदासँग जोडिएको बताए । उनले धर्मले पनि प्रकृति र वातावरण संरक्षणको पाठ सिकाउने धारणा राखे । ‘पानीको स्रोत नरहे पृथ्वीको अस्तित्व सकिन्छ, पृथ्वीलाई सन्तुलित गरेर राख्ने भूमिका पानीले खेलेको हुन्छ’, सुवेदीले भने, ‘पानीलाई स्वच्छ राखौँ, नदीनाला जोगाऔँ ।’ प्राकृतिक स्रोतसाधनको दिगो व्यवस्थापनमा जोड दिँदै सुवेदीले परम्परागत ज्ञान र संस्कृतिलाई अबलम्बन गर्न सके पर्यावरण संरक्षणमा टेवा पुग्ने विचार राखे । ‘कालीगण्डकी बचाऔँ अभियान’का संयोजक आरके अदीप्त गिरीले पछिल्ला दशकमा नेपालका नदीनाला मानवीय अतिक्रमणका कारण सङ्कटमा परेको धारणा राखे । नेपालको हिमालय क्षेत्र हुँदै बग्ने नदीहरु विश्वका दुई अर्ब मानिसको पानीको स्रोत रहेको भन्दै उनले गिट्टीबालुवाका नाममा नदीलाई ठेक्का लगाउने प्रवृत्ति घातक रहेको बताए । ‘कालीगण्डकी नदी पाषण युगसँग सभ्यता जोडिएको विश्वकै श्रेष्ठ नदी हो, तर अहिले यो दोहनको दुष्चक्रमा परेको छ, नदी दिनदिनै खण्डहर बनिरहेको छ’, गिरीले भने, ‘मानव जीवनको स्रोत नदी कालीगण्डकीमाथिको हस्तक्षेप रोकिनुपर्छ ।’ नेपाल पर्वतीय संवेदनशीलता बोकेको भूगोलमा अवस्थित रहेकाले प्राकृतिक स्रोतको उचित सदुपयोग र व्यवस्थापन हुन नसके अकल्पनीय प्राकृतिक विपत्ति निम्तन सक्ने खतरा रहेको उनको भनाइ छ । गिरीले ऋषिमुनीले पूज्दै आएका कालीगण्डकीलगायतका नदीनालाहरुको संरक्षणमा सबै पक्ष जुट्नुपर्ने बताए । ‘विज्ञानको यत्रो चमत्कार हुँदा पनि पानीको आविष्कार भने अहिलेसम्म हुन सकेको छैन’, उनले भने, ‘हाम्रा नदीनालामाथि भइरहेको निर्मम दोहनलाई रोकौँ, प्रकृतिसँग खेलवाड नगरौँ, निजिस्कौँ ।’ वातावरण संरक्षण अभियन्ता सिलसिला आचार्यले सहजीकरण गरेको बहसमा डिभिजन वन कार्यालय बागलुङका प्रमुख सरोज पन्थीले पृथ्वी मान्छेको मात्रै नभई सारा प्राणी जगतको रहेको बुझ्नुपर्नेमा जोड दिए । ‘पृथ्वी जीवजन्तु र वनस्पतिको पनि हो भन्ने सोचको विकास गर्नुपर्छ’, उनले भने, ‘विकास निर्माणका योजना वातावरणमैत्री रुपमा सञ्चालन गर्नु आवश्यक छ ।’ वन मासेर सडक निर्माण गर्नका लागि आफूकहाँ दिनदिनै माग आउने गरेको सुनाउँदै उनले स्थानीय तहले जथाभावी रुपमा सडक निर्माण गर्ने प्रवृत्ति रोक्नुपर्ने बताए । महायज्ञको पहिलो दिन यही फागनु ९ गते जल तथा उर्जा विकास, फागुन ११ गते राष्ट्रिय शिक्षा प्रणाली, फागनु १२ गते गण्डकी विकासको अवधारणा, १३ गते प्रादेशिक राजनीति र सुशासन, फागुन १४ गते राष्ट्रिय सुरक्षा प्रणाली, फागुन १५ गते आत्मनिर्भरमुखी कृषि, १६ गते योग तथा खेल, फागुन१७ गते पूर्वीय चिकित्सा पद्धति, फागुन १८ गते राष्ट्रिय अर्थतन्त्रको विकाससम्बन्धी सम्मेलन गरिएको उनले जानकारी दिए । यस्तै फागुन १९ गते समावेशिताको विकास, फागुन २० गते भाषा, साहित्य र संस्कृति, फागुन २१ गते समाजसेवा र हिजो प्राकृतिक स्रोत र वातावरणसम्बन्धी सम्मेलन राखिएको थियो ।

# पर्यटकीय गन्तव्य पञ्चकोट पुग्ने सडक स्तरोन्नति



**रासस**
**बागलुङ ।**
स्थापित पर्यटकीय गन्तव्य पञ्चकोट पुग्ने गरी निर्माण सुरु भएको चक्रपथ सडक स्तरोन्नति गर्न थालिएको छ । ठेक्का सम्झौता भएको चार वर्षसम्म कालोपत्र गर्न नसकेको सडक ढिलोगरी निर्माण व्यवसायीले काम थालेको हो । दुई वर्षभित्रै स्तरोन्नति तथा कालोपत्र सक्नेगरी विसं २०७६ असोज २८ गते सम्झौता भएको सडक अहिले कालोपत्र गर्न थालिएको हो । पञ्चकोट पुग्नेगरी कुडुँले चोकदेखि मालिका हुँदै पञ्चकोट घुमेर काठेखोला पुग्ने सडकको १४ किलोमिटरमा कालोपत्रको काम थालिएको जनाइएको छ । बागलुङ नगरपालिका–४ कुँडुले चोकदेखि मालिका–पञ्चकोट पुग्ने क्षेत्रीय रिङ्गरोड सडक निर्माण अलपत्र पारेर सम्पर्कविहीन भएको ठेकेदार एक वर्षपछि काममा फर्केको बागलुङ–५ का पूर्वजनप्रतिनिधि शिव सापकोटाले बताए । तीन पटकसम्म सम्झौता मिति थपिएको उनको भनाइ छ । अलपत्र परेको सडक कालोपत्र गर्न थालेपछि यहाँका स्थानीय खुसी भएका सापकोटाले बताए ।

पूर्वाधारको काम सकेर ठेकेदार सम्पर्कविहीन हुँदा सडक एक वर्षदेखि अस्तव्यस्त बन्न थालेपछि स्थानीय आक्रोशित भएकामा अहिले कामले निरन्तरता पाएसँगै खुसी भएका छन् । सडक कालोपत्र भएपछि पञ्चकोट जाने तीर्थालुलाईसमेत सहज हुने स्थानीय बताउँछन् । चार वर्षदेखि कालोपत्रको पर्खाइमा रहेको सडक निर्माणको जिम्मा पाएको काष्ठमण्डप कन्ट्रक्सन प्रालि माघदेखि काममा फर्केको जिल्लास्थित पूर्वाधार विकास कार्यालयका प्रमुख दिनेश घिमिरेले जानकारी दिए ।

उनका निर्माण व्यवसायीलाई पत्र पठाउँदा पनि काममा नफर्केपछि गत पुस ३ गते प्रमुख जिल्ला अधिकारीको रोहबरमा निर्माण व्यवसायी र जनप्रतिनिधिबीच काम गर्ने प्रतिबद्धता जनाएलगत्तै स्तरोन्नतिले लिएको हो । ‘गत पुस ३ गतेको सहमति लगत्तै कामले गति लिएको छ । यसअघि उक्त सडकको पाङ्ग्रेखोलामा एक सय मिटर सडक ढलान गरिएको थियो । ग्राभेल सकेर निर्माण व्यवसायीले मालिकाबाट कालोपत्र गर्न थालेको छ’, घिमिरेले भने, ‘सम्झौताअनुसार आगामी चैतसम्म काम सम्पन्न गर्नुपर्नेछ । यो निर्माण व्यवसायका लागि अन्तिम मौका हो ।’ तीन पटकसम्म म्याद थप्दा पनि सडक कालोपत्र नभएपछि निर्माण व्यवसायीलाई निरन्तर ताकेता गरेसँगै एक वर्षपछि काममा फर्केको थियो । गण्डकी प्रदेश सरकारअन्तर्गत पूर्वाधार विकास कार्यालय बागलुङमार्फत ३१ करोड रुपैयाँ लागतमा १४ किमि सडक कालोपत्र गर्न थालिएको उनले जानकारी दिए । करिब ७६ प्रतिशत भौतिक प्रगति भएको सडकमा कालोपत्रको मात्रै काम बाँकी रहेकाले चैत मसान्तभित्रै काम सकिने निर्माण कम्पनीका स्थलगत प्रमुख रवीन चापागाईंले बताए । कुडुँले चोकदेखि–मालिका–पञ्चकोट हुँदै तितौरे काठेखोला गाउँपालिकाको सिमानासम्म जाने १४ किलोमिटर सडक पहिलो चरणमा कालोपत्र गर्नका लागि बजेट विनियोजन भएको थियो । प्रदेशको ‘एक निर्वाचन क्षेत्र, एक रणनीतिक सडक आयोजना’ अन्तर्गत बागलुङ क्षेत्र नं १ को प्रदेशसभा ‘ख’ मा पर्ने बागलुङ नगरपालिका र काठेखोला गाउँपालिकालाई समेट्ने गरी क्षेत्रीय चक्रपथका रुपमा यो सडकलाई स्तरोन्नति गर्न थालिएको बताइएको छ ।


# राजबिराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

**सूचना!!!** **सूचना!!!** **सूचना!!!**

**प्रथम पटक प्रकाशित: २०८०/११/२४**

यस राजविराज नगरपालिकामा संचालित “**Construction of School Building at ward no-01, 04, 09,13 & 15**” निर्माण कार्यको अन्तिम भेरिफिकेसन (सार्वजनिक खरिद ऐन, नियामावली तथा खरिद सम्झौता अनुसार) गर्नुपर्ने भएकोले तपसिल बमोजिमको कार्य अनुभव भएका बिज्ञहरु संलग्न रहने गरि र फर्मको अध्यावधिक आबश्यक कागजात संलग्न गरि सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र प्राविधिक तथा आर्थिक प्रस्ताब पेश गर्नु हुन् अनुरोध छ । साथै सो संग सम्बन्धित TOR यस नगरपालिकाको वेबसाइट *raajbirajmun.gov.np* बाट Download गर्न सकिनेछ ।

| Description | Qualification | Experience |
|---|---|---|
| Sr. Q/C Engineer | Master’s Degree in Civil Engineering | 10 years general experience and 3 years specific specific experience as a Quantity/Cost Engineer in reputed organization of Nepal |
| Civil Engineer | Bachelor’s Degree in Civil Engineering | 5 years general experience and 3 years specific experience in building design & estimate |
| Architect | Bachelor’s in Architecture | 3 years general experience and 2 years specific experience in building design & drawing |

प्रमुख प्रशासकीय अधिकृत


# पर्यटकीय गन्तव्य बन्दै थामचौर



**रासस**
**ढोरपाटन ।**
बागलुङको बडिगाड गाउँपालिका–७ थामचौर पर्यटकीय गन्तव्यका रुपमा विकास हुँदै गएको छ । समुद्री सतहबाट दुई हजार एक सय मिटरको उचाइमा रहेको यस क्षेत्रको विकासका लागि गाउँपालिकाले निरन्तर लगानी गर्दै आएको छ । पछिल्लो समय घुम्ने संस्कृति बढेसँगै थामचौर क्षेत्रमा आन्तरिक पर्यटक पुग्न थालेका छन् । उच्च पहाडी क्षेत्रमा रहेको थामचौरमा स्वच्छ हावापानी, मनोरम वातावरण र यहाँबाट देखिने मनोरम दृश्यावलोकनका लागि पर्यटक पुग्ने गरेका हुन् । गाउँपालिकाले पूर्वाधार निर्माणसँगै प्रचारप्रसारलाई तीव्रता दिएपछि पर्यटकको सङ्ख्या बढ्न थालेको बडिगाड गाउँपालिकाकी अध्यक्ष गण्डकी थापा अधिकारीले बताए । थामचौरमा पालिकाले मन्दिर र शौचालय निर्माण गरेको भन्दै खानेपानी व्यवस्थापन र वनभोज स्थल (पिकनिक) बनाउन थालिएको उहाँले बताउनुभयो । पहिले पैदल यात्रामार्फत पुग्ने पर्यटक हिजोआज मोटरगाडीमा सहजै पुग्न सक्ने उनको भनाइ छ । मध्यपहाडी लोकमार्गमा पर्ने भिमगिठे बजारदेखि १३ किलोमिटर उत्तरपट्टी रहेको थामचौरको विकासका लागि हालसम्म करिब ४० लाख रुपैयाँ बढी लगानी भइसकेको अध्यक्ष अधिकारीले जानकारी दिए । मोटरबाटोले जोडिएपछि पछिल्लो समय बस र ट्याक्सीसमेत यहाँ पुग्न थालेका उनको भनाइ छ । अध्यक्ष अधिकारीले भिमगिठे बजारबाटबाट गाडीमा ४० मिनेट लाग्ने हुँदा बिदाको समय र विभिन्न चाडपर्वमा बाहिरी जिल्लाबाट समेत पर्यटक आउने गरेका बताए । आगन्तुकको सहजताका लागि ठाउँठाउँमा बस्ने चौताराको व्यवस्थापन तथा वन्यजन्तुका लागि वरपर पोखरीसमेत निर्माण भएको उनले जानकारी दिए । ‘थामचौर बडिगाड गाउँपालिकाको मुख्य पर्यटकीय क्षेत्र हो, यसको विकासका लागि हामीहरु निरन्तर लागि रहेका छौँ । हरेक वर्ष बजेट व्यवस्थापन गरेर पर्यटकीय संरचना बनाउने र प्रचारप्रसारलाई तीव्रता दिएका छौँ’, अध्यक्ष अधिकारीले भने, ‘यहाँ धेरै मानिस वनभोजका लागि आउने हुँदा खानेपानीको समस्या छ, यसको समाधानका लागि अहिले काम भइरहेको छ ।’

वनभोजका लागि छुट्टै स्थल बनाउने योजना रहेको भन्दै उनले सडक पूर्वाधारको विस्तार भएकाले पर्यटकको सङ्ख्यामा थप वृद्धि हुने बताए । चालू आर्थिक वर्षमा पालिकाले सडक विस्तारका लागि २० लाख रुपैयाँ विनियोजन गरेको छ । बडिगाड–७ का पूर्ववडाध्यक्ष कृष्ण गुरुङले पिकनिकको सिजनमा बागलुङसहित अन्य जिल्लाबाट आउनेको भिड हुने बताए । खास गरी नयाँ वर्ष, होली पर्व (पूर्णिमा) का बेला पर्यटकले थामचौर भरिभराउ हुने उनको भनाइ छ । यहाँबाट बागलुङको विभिन्न स्थानसहित गुल्मीको रेसुङ्गा, तम्घास बजार, प्यूठान लगायतका ठाउँ एकै पटक देख्न सकिने गुरुङले बताए । धौलागिरीसहित दर्जन हिमाल नजिकैबाट अवलोकन गर्न सकिने हुँदा धेरै पर्यटक आकर्षित हुँदै गएको उनको भनाइ छ । ‘थामचौरमा पालिकाबाट निरन्तर लगानी भएको छ । यसअघि यहाँ सडकको समस्या भएपछि अहिले सडक स्तरोन्नति भएको छ । सडक व्यवस्थित भएपछि पर्यटक बढेका छन्’, गुरुङले भने, ‘अग्लो स्थानमा यति सुन्दर ठाउँ छ, जहाँ पुग्यो भने धेरै पर्यटक लोभिन्छन् । केही वर्ष यता पूर्वधार थपिने क्रममा छन् । अहिले बिदा तथा विभिन्न पर्वमा घुम्न आउने आन्तरिक पर्यटकको सङ्ख्या बढ्दै गएको छ ।’

# खानामा माछा नदिँदा बिहे बहिष्कार गर्दै जन्ती फिर्ता

**मधेशदृष्टि**
**वीरगंज ।**
खानाको बिषयमा विवाद भएर बिहेनै बहिष्कार गरेर जन्ती फिर्ता भएको घटना भारतको विभिन्न प्रान्तमा हुने गरेको समाचार विगतमा सुन्न र पढ्न पाइन्थ्यो । तर यस्तै घटना मधेश प्रदेशको एक पालिकामा भएको छ, जहाँ जन्तीलाई खानामा माछा नदिँदा जन्ती र बेहुलीपक्षबीच कुटपिट भएर अन्तमा बिहे बहिष्कार गरी जन्ती फिर्ता गएको घटना प्रकाशमा आएको छ । पर्सा जिल्लाको बिन्दबासिनी गाउँपालिका ४ को मधवल गाउँमा सखुवा प्रसौनी गाउँपालिकाको महुवनबाट सोमबार राति आएको जन्तिमा बेहुला पक्ष र बेहुली पक्षबीच कुटाकुट हुँदा बेहुली नलिईकन बेहुलासहितको जन्ती फिर्ता गएको छ । जन्तीमा आएकाहरुले खानामा माछा नपाएको भन्दै विवाद गर्दा भनाभन हुँदै कुटापिटमा परिणत भएको थियो । कुटापिटमा बेहुलाका बुबा घाइते भएपछि बिहेनै नगरी जन्ती खालीहात फिर्ता हुने अवस्था आएको थियो । कुटापिट भएपछि जन्तीहरु सबैजना भागेका थिए । जन्ती भागेको देखेर बेहुली पक्षका मानिसहरुले बेहुलालाई घरमै थुनेर राखेका थिए । घटनाको खबर पाएर तत्काल इलाका प्रहरी कार्यालय पोखरियाका प्रमुख इन्स्पेक्टर मोहन विक्रम केसीको कमाण्डमा गएको टोलीले बेहुलाको उद्दार गरी प्रहरी कार्यालयमा सुरक्षित राखेका थिए । इलाका प्रहरी कार्यालय पोखरियामा मंगलबार दुईपक्षबचि छलफल हुँदा बेहुलीले बिहे गर्न इन्कार गरेपछि जन्ती सहित बेहुला आफ्नो घर फर्केको इन्स्पेक्टर केसीले बताए । स्थानीय सञ्चारकर्मी संजीव मिश्रका अनुसार एकजना जनप्रतिनिधिले घटना मिलाएर बिहे गराइदिन दिनभरि प्रयास गरेपनि असफल भएका थिए । केटी पक्षधरले दाइजोको १२ लाख रकम फिर्ता लिने अडान राखेका छन् भने केटाको पक्षले बिहेमा खर्च भएको भन्दै पैसा फिर्ता नदिने दाउमा छन् । पर्सा प्रहरी प्रवक्ता डिएसपी कुमार बिक्रम थापाले घटनाको पुष्टि गरेका छन् । बेहुला र बेहुली पक्षबीच कुटपिट उग्र भएपछि इन्स्पेक्टर केसीको पहलमा साम्य भएको प्रवक्ता थापाले जानकारी दिए । पछिल्लो समय मधेश प्रदेशमा छोरीको बिहेमा जन्ती आउँदा प्रायः मानिसले खानामा माछा दिने गर्दछन् । कतिपय दुईपक्षबीच खानाको बारेमा के ख्वाउने भनेर पहिल्यै सहमति हुने गर्दछ । यसरी बिहेमा माछा न खुवाउँदा कुटपिटसम्म हुने र बिहेनै बहिष्कार गरी जन्ती फिर्ता हुनु आफैमा अप्रिय घटना हो ।

# रुघाखोकी, ज्वरो, श्वासप्रश्वासका समस्या बढ्दो

**रासस**
**वीरगंज ।**
मौसममा आएको परिवर्तनसँगै पर्सामा रुघाखोकी, ज्वरो र श्वासप्र्रश्वासका बिरामी बढ्दै गएका छन् । केही दिनयता चलेको सुख्खा हावा र गर्मी बढ्दै गएपछि सहरी क्षेत्र तथा ग्रामीण बस्तीमा रुघाखोकी, ज्वरो, श्वासप्रश्वासका बिरामी बढेको जिल्ला स्वास्थ्य कार्यालय पर्साले जनाएको छ । कार्यालयका अनुसार वीरगंजस्थित नारायणी अस्पताल, प्रभु अस्पताल, नेपाल मेडिसिटी बयोधा अस्पताल तथा ग्रामीण भेगका स्वास्थ्य संस्थामा अहिले बिरामीको चाप निक्कै बढेको छ ।

दूधे बालकदेखि वृद्धवृद्धा रुघाखोकी, ज्वरो, श्वासप्रश्वास, निमोनियालगायतको प्रकोपबाट पीडित भएका छन् । पछिल्लो केही दिनयता अस्पतालमा रुघाखोकी, ज्वरो, श्वासप्रश्वासका बिरामीको चाप बढेको नारायणी अस्पतालका सूचना अधिकारी डा उदयनारायण सिंहले जानकारी दिए । रुघाखोकी, ज्वरो, निमोनियालगायतका बिरामी परेर दैनिक करिब ३० देखि ४० जनासम्म उपचारका लागि अस्पताल आउने गरेको डा सिंहले बताए । अस्पतालमा बिरामीको चाप बढ्दै गएकाले शय्याको अभाव भएको र भूइँमै राखेर उपचार गर्नुपर्ने अवस्था रहेको उनले बताए ।

# ब्रह्माकुमारीको शिविरमा ३८ जनाले गरे रक्तदान




**मधेशदृष्टि**
**वीरगंज ।**
ब्रह्माकुमारी राजयोग सेवा केन्द्रको युवा प्रभागले वीरगंजमा आयोजना गरेको शिविरमा ३८ जनाले रक्तदान गरेका छन् । शिविरमा ९ महिला समेत ३८ जनाले रक्तदान गरेका थिए । ८८ औं त्रिमूर्ति शिव जयन्ती महोत्सव अन्तर्गत रविना दिदीको अध्यक्षता तथा वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको मुख्य आतिथ्यमा एक दिवसीय रक्तदान भएको हो । आध्यात्मिक संस्थाका साथै एक विश्वव्यापी सामाजिक संस्था पनि भएको हैसियतले केन्द्रले हरेक वर्ष महाशिवरात्रिको पूर्व सन्ध्यामा अमूल्य रगतको अभावमा कसैको बहुमूल्य जीवन अनाहकमा नजाओस् भन्ने उद्देश्यले रक्तदान शिविरको आयोजना गर्ने गरेको ब्रह्माकुमारी रविना दिदीले बताइन् । कार्यक्रमको उद्घाटन गर्दै मेयर सिंहले विश्वव्यापी आध्यात्मिक संस्था ब्रह्माकुमारी राजयोग सेवा केन्द्रले सामाजिक परोपकारमूलक तथा सचेतनामूलक कार्यक्रमहरुको आयोजना गरी आफ्नो सामाजिक दायित्व पूरा गरिरहेकोमा आफू प्रभावित भएको बताए । उनले यस प्रकारका सामाजिक कार्यहरु हरेक स्थानमा प्रत्येक संघसंस्थाबाट सञ्चालन हुनुपर्नेमा जोड दिँदै यसको कार्यमा आफ्नो सधै साथ र सहकार्य रहने प्रतिबद्धता जनाए । भारतीय महावाणिज्यदूत देवी सहाय मीना, वीरगंज महानगरपालिका वडा नं ३ का वडाध्यक्ष बैजु स्वर्णकार, ५ का वडाध्यक्ष प्रदिप चौरसिया, वरिष्ठ हाडजोर्नी एवम् नशारोग विशेषज्ञ डा अजय यादव, सामाजिक अभियन्ता प्रकाश थारु, योग प्रशिक्षक धिरेन्द्र सिंह, मानव सेवा आश्रमका देवेश गुप्ता, ब्रह्माकुमारी शुष्मा रमा, छोटेलाल लगायतको उपस्थिति रक्तदान कार्यक्रमको स्वागत मन्तव्य युवा प्रभाग वीरगंजका क्षेत्रीय संयोजक ब्रह्माकुमार गोवर्धन चौधरी र धन्यवाद ब्रह्माकुमारी बेली दिदीले व्यक्त गरेकी थिइन् । शिविरमा ब्रह्माकुमार गोवर्धन चौधरी, ब्रह्माकुमार गोकुल गुभाजू, कुमेश कुशवाह, राकेश कुशवाह, ब्रकु आनन्द साह, ब्रकु राजकुमार श्रेष्ठ, ज्योति कुशवाह, निक्की कुशवाह, ब्रह्माकुमारी माया पाण्डे, अस्मिता गौतम, गौरी देवी, अनिता देवी, निता देवी, प्रति कुमारी जैसवाल, स्नेहलता सिंह, लक्ष्मी पण्डित, बिराज साह, धिरेन्द्र सिंह, करण साह, अनिल कुमार, बलजित सिंह, रबिन्द्र महतो, विशेस्वर महतोलगायतले रक्तदान गरेका थिए ।

# प्रतिबन्धित लागू औषधिसहित एक जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
बारामा सशस्त्र प्रहरीले भारतबाट लुकिछिपी नेपाल ल्याइँदै गरिएको ठूलो परिमाणको प्रतिबन्धित औषधि बरामद गरेको छ । भारतको दसगजासितै जोडिएको विश्रामपुर गाउँपालिका–१ को बङगरी खोला हुँदै ल्याइँदै गरिएको ‘ओनरेक्स’ नामको प्रतिबन्धित औषधिसहित एक जना भारतीय नागरिकसमेत पक्राउ परेका छन् । पक्राउ पर्नेमा भारत बिहारको पूर्वी चम्पारण मोतिहारी जिल्लाअन्तर्गत हरपुर गाउँ पञ्चायत वडा नम्बर २ का २२ वर्षीय सोनुकुमार साह रहेका छन् । बोरामा टाउकोमा बोकी नेपाल ल्याइँदै गरिएको सूचनाका आधारमा खटिएको सशस्त्र प्रहरीको टोलीले २ सय ३२ बोतल ओनरेक्स बरामद गरेको सीमा सुरक्षा बल ‘बोर्डर आउटपोस्ट’ बरैनियाका सशस्त्र प्रहरी निरीक्षक दीपक थापाले जानकारी दिए । लागूऔषधका रूपमा प्रयोग गरिने यो ‘अल्कोहल’युक्त झोल औषधिसहित पक्राउ परेका साहलाई थप कानुनी कारबाहीको लागि नेपाल प्रहरीलाई जिम्मा लगाइएको छ ।

य कार्यालय पर्साले जनाएको छ । कार्यालयका अनुसार वीरगंजस्थित नारायणी अस्पताल, प्रभु अस्पताल, नेपाल मेडिसिटी बयोधा अस्पताल तथा ग्रामीण भेगका स्वास्थ्य संस्थामा अहिले बिरामीको चाप निक्कै बढेको छ । दूधे बालकदेखि वृद्धवृद्धा रुघाखोकी, ज्वरो, श्वासप्रश्वास, निमोनियालगायतको प्रकोपबाट पीडित भएका छन् । पछिल्लो केही दिनयता अस्पतालमा रुघाखोकी, ज्वरो, श्वासप्रश्वासका बिरामीको चाप बढ्ेको नारायणी अस्पतालका सूचना अधिकारी डा उदयनारायण सिंहले जानकारी दिए । रुघाखोकी, ज्वरो, निमोनियालगायतका बिरामी परेर दैनिक करिब ३० देखि ४० जनासम्म उपचारका लागि अस्पताल आउने गरेको डा सिंहले बताए । अस्पतालमा बिरामीको चाप बढ्दै गएकाले शय्याको अभाव भएको र भूइँमै राखेर उपचार गर्नुपर्ने अवस्था रहेको उनले बताए ।

# धनुषामा पानीको चरम अभाव

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
चुरेको विनाशका कारणले यस वर्ष फागुनको दोस्रो सातामा नै धनुषाको उत्तरी भेगमा पानीको चरम अभाव हुन थालेको छ ।

खानेपानीका साथै सिँचाइका लागि पानीको अभाव भएपछि बोटबिरुवा तथा अन्नबाली मर्न थालेपछि किसानहरू चिन्तित बनेका छन् । चुरेको विनाशसँगै पानीको अभाव हुन थालेपछि खानेपानी तथा सिँचाइको व्यवस्था मिलाइदिन स्थानीयबासीले विभिन्न पालिकाहरूमा पैरवी गर्न थालेका छन् । अढाई सय फिटमा जडान गरिएका चापाकलमा समेत पानी आउन छाडेपछि स्थानीय निक्कै चिन्तित बनेका छन् । धनुषाको क्षिरेश्वर नगरपालिकाको वडा नं ७ र ८ मा पनि पानी आउन बन्द भएपछि स्थानीयबासीले खानेपानीको व्यवस्था गर्न नगरपालिकासँग माग गरेका छन् । विगत लामो समयदेखि मधेश प्रदेशमा पानी नपरेको र चुरेको विनाश जारी नै रहेकाले यस वर्ष फागुनमा नै खानेपानी तथा सिँचाइको लागि पानीको अभाव भएको छ ।

# सडक नै नभएको ठाउँमा पुल हाल्ने ३ कर्मचारीलाई सफाइ



**मधेशदृष्टि**
**वीरगंज ।**
सडक नै नभएको ठाउँमा पुल हालेका ३ जना कर्मचारीले विशेष अदालतबाट सफाइ पाएका छन् । गण्डकी प्रदेशको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका तत्कालीन सचिव ईश्वरचन्द्र मरहट्टा, प्रदेश सडक निर्देशनालयका तत्कालीन निमित्त निर्देशक रामकुमार श्रेष्ठ र पूर्वाधार विकास कार्यालयका सिनियर डिभिजनल इन्जिनियर ओमराज ढुंगानाले मंगलबार सफाइ पाएका हुन् । गोरखा नगरपालिकाको वडा नम्बर ३ र सिरानचोक गाउँपालिका– ५ जोड्ने जरेवरस्थित दरौंदी खोलामा खोलामा बद्नियतपूर्वक पुल हालिएको अभियोगमा उनीहरुमाथि अख्तियार अनुसन्धान आयोगले विशेष अदालतमा मुद्धा दायर गरेको थियो । सडक नै नभएको ठाउँमा ५ करोड ३९ लाखमा निर्माण गरिएको ५० मिटर लामो पुल बनाइएको अभियोगमा अख्तियारले राज्यको सम्पत्तिको दुरुपयोग गरेको आरोप लगाएको थियो । खोला नै नभएको ठाउँमा पुल बनाएको भन्दै कर्मचारीमाथि अख्तियारले मुद्धा चलाउँदै सोही क्षेत्रबाट चुनाव जितेर मन्त्री बनेका तत्कालीन भौतिक पूर्वाधार मन्त्रालयलाई भने अख्तियारले उन्मुक्ति दिएको थियो ।

काल्पनिक डीपीआर बनाएर पुलको स्थान र डिजाइनसमेत परिवर्तन गरी कानुनबिपरीत पुल हालिएको भन्दै अख्तियारले गत साल फागुनमा विशेष अदालतमा मुद्धा हालेको हो । राज्यको सम्पत्ति औचित्य नभएको स्थानमा खर्च गर्न आफ्नो ओहोदाको दुरुपयोग गरेर भ्रष्टाचार गरेको भन्दै ५ करोड ४५ लाख बिगो कायम गरी कैद र जरिवानासहित हानिनोक्सानी भएको बिगो सचिव मरहट्टाबाट असुल उपर गर्न अख्तियारले मागदाबी गरेको थियो । निमित्त निर्देशक श्रेष्ठमाथि गुरुयोजना, ग्रामीण सडक, शहरी सडक वा कुनै रणनीतिक सडकमा नपर्ने काल्पनिक सडकको नाम दिई खोलामा पुल बनाइएको भन्दै ५ लाख ७१ हजार विगो मागदाबी गरेको थियो भने सिनियर डिभिजन इन्जिनियर ओमराजमाथि बदनियतपूर्वक गुरुयोजना बनाएको आरोप थियो ।

# २५ लाख मूल्य बराबरको कपडा बरामद




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले २५ लाख मूल्य बराबरको कपडा तथा शंकास्पद वस्तु बरामद गरेको छ । पर्सा प्रहरीको परवानीपुरबाट खटिएको प्रहरी टोलीले बिल विजक भन्दा बढी लोड रहेको कपडा तथा खुद्रा सामान बरामद गरेको जनाएको छ । जिल्लाको परवानीपुरबाट राजविराजतर्फ जाँदै गरेको ना ३ ख ७५९१ नम्बरको ट्रक प्रहरीले नियन्त्रणमा लिएको पर्सा प्रहरी प्रवक्ता कुमार विक्रम थापाले जानकारी दिए । उनका अनुसार राजस्व छली गरी मालवाहक ट्रक राजविराजतर्फ जाँदै गरेको प्राप्त सूचनाबमोजिम बरामद गरिएको हो । बरामद ट्रकबाट प्रहरीले २५ लाख ८८ हजार ९५७ रुपैयाँ बराबरको सामान नियन्त्रणमा लिइएको छ । अनलाइन भिसिटिएस बिलमा लेखिएको भन्दा बढी सामान ट्रकमा लोड भएको पाइएपछि पक्राउ गरिएको पर्सा प्रहरीको दाबी छ ।

पक्राउ परेको कपडा तथा खुद्रा सामानसहित ट्रक आवश्यक कारबाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया,बारामा बुझाइएको पर्सा प्रहरीले जनाएको छ ।

# देवाही गोनाहीमा लगातार २ नगर स्वस्थ्य संयोजकको निधन

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको देवाही गोनाही नगरपालिकामा लगातार दुईजना नगर स्वास्थ्य संयोजकको निधन भएको छ । बुधबार बिहान पूर्व नगर स्वास्थ्य संयोजक नागेन्द्र कुशवाहाको निधन भएको हो । कुशवाहाको उपचारको क्रममा बुधबार बिहान ३ बजे काठमाडौँ स्थित शिक्षण अस्पतालमा निधन भएको छ । उच्च रक्तचापको कारण मस्तिष्क घात भएर झण्डै डेढ महिनादेखि अचेत अवस्थामा कुशवाहाको भरतपुर शिक्षण अस्पतालमा उपचार भइरहेको थियो । चारदिन अघि उनलाई थप उपचारको लागि शिक्षण अस्पताल काठमाडौँ लगिएको थियो । उपचारको क्रममा उनको निधन भएको देवाही गोनाहीका मेयर प्रेमलाल साहले बताएका छन् । नगरपालिका स्थापना भएदेखि नै उनी देवाही गोनाहिको नगर स्वास्थ्य संयोजक, एकपटक निमित्त प्रशासकीय अधिकृतको



जिम्मेवारीमा समेत रहेका थिए । उनलाई एक्कासी मस्तिष्कघात भएपछि अर्का स्वास्थ्यकर्मी मनोज यादवलाई स्वास्थ्य संयोजकको जिम्मेवारी दिइएको थियो । ४८ बर्षीय मनोज यादवलाई नगर स्वास्थ्य संयोजकको जिम्मेवारी दिइएको एकमहिना पछि निधन भएको थियो । गत फागुन ८ गते संयोजक यादवको हृदयघातको कारण निधन भएको थियो । कुशवाहा देवाही गोनाही नगरपालिकाको बासिन्दा थिए भने यादव गरुडा नगरपालिकाको बासिन्दा थिए । पूर्व स्वास्थ्य संयोजक कुशवाहाको शोकमा बुधबार देवाही गोनाही नगरपालिकामा सार्वजनिक बिदा दिइएको थियो । कुशवाहाको १ छोरा र १ छोरी रहेका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन